विधेयक संख्या :

# फोहोरमैला व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

२०८३

सङ्घीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं

## सैद्धान्तिक अवधारणा

नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने र वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षतिवापत पीडितलाई प्रदूषकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हक सुनिश्चित गरेको छ। साथै धारा ३५ ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित गरेको छ। सङ्घीय इकाईहरुबीच स्रोत, साधन र जिम्मेवारीमा साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको आधारमा मात्र संविधानले प्रत्याभूत गरेका यी मौलिक हकहरुको कार्यान्वयन सम्भव हुन्छ। नेपालको संविधानले खानेपानी तथा सरसफाई सङ्घ र प्रदेशको अधिकारको साझा सूचीमा, आधारभूत स्वास्थ्य र सरसफाई स्थानीय तहको अधिकारको सूचीमा तथा वातावरण र पर्यावरण सम्बन्धी विषय सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची अन्तर्गत समावेश गरेको छ।

फोहोरमैला उत्सर्जन, संकलन, विसर्जन, व्यवस्थापन तथा न्यूनीकरण सम्वन्धमा तहगत सरकारको जिम्मेवारी निर्धारण गर्दै फोहोरमैला व्यवस्थापनमा सङ्घीय एकाईहरु बीचको सहलगानी, सार्वजनिक-निजी साझेदारी, विकास सहायता परिचालन सम्बन्धी विषयलाई व्यवस्थित बनाउन तथा फोहोरमैला व्यवस्थापनमा अध्ययन, अनुसन्धान, प्रविधिको विकास तथा हस्तान्तरण, अन्तर स्थानीयतह तथा अन्तर-तह सहकार्य, ज्ञान, सिप र अनुभवको आदान-प्रदान सम्बन्धी विषय सम्बोधन गर्दै फोहोरमैला व्यवस्थापनमा व्यक्ति, समुदाय, सङ्घ-संस्था तथा निजि क्षेत्रको भूमिका स्पष्ट तुल्याउन फोहोरमैला व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तयार गरिएको प्रस्तुत विधेयक नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/०५/२५ को निर्णयानुसार सङ्घीय संसदमा पेश गर्न स्वीकृति प्राप्त भएकोले प्रस्तुत गरिएको छ।

प्रस्तुत विधेयक पारित भएपश्चात फोहोरमैला व्यवस्थापनमा सङ्घीय एकाईहरु बीचको सहलगानी, सार्वजनिक-निजी साझेदारी, विकास सहायता परिचालन, अध्ययन, अनुसन्धान, प्रविधिको विकास तथा हस्तान्तरण, अन्तर-स्थानीयतह तथा अन्तर-तह साझेदारी, ज्ञान, सिप र अनुभवको आदान-प्रदानको आधार तयार भई फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति तथा योजना तर्जुमा र समन्वयका लागि जिम्मेवार संयन्त्रको व्यवस्था हुने, फोहोरमैला व्यवस्थापनमा तहगत सरकारहरुबीच कार्यजिम्मेवारी स्पष्ट हुने तथा फोहोरमैला व्यवस्थापन तथा वातावरणीय स्वच्छता सम्बन्धी संविधानले परिलक्षित गरेका लक्ष्यहरुको प्राप्तिका साथै, चक्रीय अर्थतन्त्रको अवधारणा अनुरूप फोहोरमैला प्रशोधन गरी स्रोत सामग्रीको रूपमा उपयोग गर्न सघाउ पुग्दछ।

## उद्देश्य र कारण

फोहोरमैलाको उत्सर्जन, संकलन, विसर्जन र समग्र व्यवस्थापनमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको भूमिका र जिम्मेवारी स्पष्ट गर्न र यी निकायहरु बीच प्रभावकारी समन्वय कायम गर्न, फोहोरमैलाको समुचित तथा प्रभावकारी व्यवस्थापनद्वारा स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न, मानव स्वास्थ्य तथा वातावरणमा पर्नसक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न र चक्रीय अर्थतन्त्रको अवधारणा अनुरूप फोहोरमैला प्रशोधन गरी स्रोत सामग्रीको रूपमा उपयोग गर्ने समेतको व्यवस्थाको लागि वाञ्छनीय भएकोले संघीय संसदमा यो विधेयक प्रस्तुत गरेको छु।

(सुनिल लम्साल)
पूर्वाधार विकास मन्त्री

## आर्थिक टिप्पणी

फोहोरमैला व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीच जिम्मेवारी बाँडफाँट गर्दै तीनै तहको समन्वय र सहकार्यबाट फोहोरमैलाको समुचित तथा प्रभावकारी व्यवस्थापन गर्ने लगायतका प्रावधान समेटेको साथै हाल तीनै तहमा रहेका संरचना र जनशक्तिबाट नै फोहोरमैलाको व्यवस्थापन हुने अवस्था रहेको र फोहोरमैलाको व्यवस्थापन गर्दा फोहोरमैला उत्सर्जन गर्ने सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट शुल्क लिई व्यवस्थापन गरिने हुँदा यसबाट नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने देखिदैन।

(सुनिल लम्साल)
पूर्वाधार विकास मन्त्री

**फोहोरमैला व्यवस्थापन सम्बन्धी कानूनको मस्यौदा तयार गर्ने सम्बन्धी अवधारणापत्र**

**१. नयाँ ऐन बनाउनुपर्ने आवश्यकताः**

**(क) <u>संवैधानिक कारणः</u>**

नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने र वातावरणीय प्रदूषण वा ह्रास हुने क्षतिवापत पीडितलाई प्रदूषकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हक सुनिश्चित गरेको छ। साथै धारा ३५ ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहूँचको हक सुनिश्चित गरेको छ। सङ्घीय इकाईहरूबीच स्रोत, साधन र जिम्मेवारीमा साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको आधारमा मात्र संविधानले प्रत्याभूत गरेका यी मौलिक हकहरूको कार्यान्वयन सम्भव हुन्छ।

त्यसैगरी संविधानले जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी सचेतना बढाई वातावरणमा परेको नकारात्मक प्रभावको न्यूनीकरण गर्दै पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने नीति समेत अङ्गीकार गरेको छ। संविधानले खानेपानी तथा सरसफाइ संघ र प्रदेशको अधिकारको साझा सूचीमा, आधारभूत स्वास्थ्य र सरसफाइ स्थानीय तहको अधिकारको सूचीमा तथा वातावरण र पर्यावरण सम्बन्धी विषय संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची अन्तर्गत समावेश गरेको छ।

संविधानले निर्देशित गरेको नीति, मौलिक हक र अधिकार सूचीमा उल्लिखित वातावरणीय स्वच्छता, प्रदूषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापनमा तहगत सरकारहरूको भूमिकालाई स्पष्ट नगरेसम्म यी लक्ष्यहरू हासिल गर्न सम्भव हुँदैन। तसर्थ फोहोरमैलाको उत्सर्जन, संकलन, विसर्जन र समग्र व्यवस्थापनमा तहगत सरकारको कार्यजिम्मेवारी स्पष्ट गर्न र यी निकायहरूबीच प्रभावकारी समन्वय कायम गर्न यस विषयमा छुट्टै कानूनको खाँचो देखिएको छ।

**(ख) <u>नीतिगत कारणः</u>**

फोहोरमैला व्यवस्थापनमा यसको उत्सर्जक तथा सबैभन्दा नजिकको निकायको नै भूमिका महत्वपूर्ण रहेको हुन्छ। नेपालमा साविकदेखि नै स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ ले फोहोरमैला व्यवस्थापनमा स्थानीय निकायको प्रभावकारी भूमिकाको व्यवस्था गरेको थियो। त्यसैगरी फोहोरमैला व्यवस्थापनको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय तहमा समन्वय, नीति निर्देशन र प्राविधिक सहयोगका लागि फोहोरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र समेत रहने गरी फोहोरमैला व्यवस्थापन ऐन, २०६८ कार्यान्वयनमा ल्याइएको थियो। संघीयताको कार्यान्वयनसँगै उक्त ऐनमा गरिएको संशोधनबाट फोहोरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र खारेज भएको र ऐनमा भएका करिब एक तिहाई भन्दा बढी प्रावधानहरू हटेको तथा यस ऐनमा परिवर्तित संघीय संरचना अनुरूप प्रदेश तहको कुनै भूमिका उल्लेख नभएको हुँदा उक्त ऐन संघीय संरचना अनुरूप प्रभावकारी फोहोरमैला व्यवस्थापनका लागि पर्याप्त हुन सकेको छैन।

स्वच्छ वातावरणमा बाँच्न पाउने, मौलिक हक तथा राज्यका नीतिहरूको कार्यान्वयन एवम् दिगो विकासको लक्ष्य प्राप्तिका लागि संघ, प्रदेश र स्थानीय तहको भूमिका समेत स्पष्ट गर्न नयाँ कानून आवश्यक देखिएको छ। त्यसबाहेक मौजुदा ऐनले संघीय एकाइहरू बीचको सहलगानी, सार्वजनिक-निजी साझेदारी, विकास सहायता परिचालन, प्रविधि विकास र हस्तान्तरण, अन्तर-स्थानीय तह र अन्तर तह साझेदारी, ज्ञान, सिप र अनुभवको आदान-प्रदान जस्ता पक्षहरूलाई प्रष्ट रूपमा उल्लेख नगरेको हुँदा यी विषयवस्तुहरूमा तहगत कार्यजिम्मेवारी स्पष्ट गरी फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन नयाँ कानून तर्जुमा गर्न आवश्यक देखिएको छ।

**२. नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धिहरूः**

- फोहोरमैला व्यवस्थापनमा संघीय एकाइहरू बीचको सहलगानी, सार्वजनिक-निजी साझेदारी, विकास सहायता परिचालन, अध्ययन, अनुसन्धान, प्रविधिको विकास तथा हस्तान्तरण, अन्तर-स्थानीयतह तथा अन्तर-तह साझेदारी, ज्ञान, सिप र अनुभवको आदान-प्रदानको आधार तयार हुने।
- फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति तथा योजना तर्जुमा र समन्वयका लागि जिम्मेवार संयन्त्रको व्यवस्था हुने।
- फोहोरमैला व्यवस्थापनमा प्रदेश तहको भूमिका समेत स्थापित हुने।
- फोहोरमैला व्यवस्थापनमा तहगत सरकारहरूबीच कार्यजिम्मेवारी स्पष्ट हुने।
- फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई प्राविधिक सहयोग र क्षमता विकासको क्षेत्रमा प्रभावकारी सहयोग परिचालन भएको हुने।
- फोहोरमैला व्यवस्थापन तथा वातावरणीय स्वच्छतामा दिगोपन कायम गर्न सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनमा सहयोग पुग्ने।
- फोहोरमैला व्यवस्थापन तथा वातावरणीय स्वच्छता सम्बन्धी संविधानले परिलक्षित गरेका लक्ष्यहरूको प्राप्तिमा सहयोग पुग्ने।

**३. प्रस्तावित विषयमा कुनै मौजुदा कानून भए त्यसकोः**

**(क) ऐनको नामः**

- फोहोरमैला व्यवस्थापन ऐन, २०६८
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- वातावरण संरक्षण ऐन, २०७६

**(ख) नियमावलीको नामः**

- फोहरमैला व्यवस्थापन नियमावली, २०७०
- वातावरण संरक्षण नियमावली, २०७७

**(ग) गठन आदेशको नामः**

**४. मौजुदा कानून संशोधन गरी सो उपलब्धी हासिल हुन नसक्ने भए सोको कारणः**

मौजुदा फोहरमैला व्यवस्थापन ऐन, २०६८ मा भएको संशोधनले ऐनमा भएका एकतिहाईभन्दा बढी अंश खारेज गरेको र प्रदेश तहको भूमिकाबारे कुनै उल्लेख नगरेको हुँदा सो ऐनमा संशोधन गर्नुको सट्टा नयाँ ऐन नै तर्जुमा गर्न उपयुक्त हुने।

**५. प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधिबाट (Method) बाट तर्जुमा भएको होः**

फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०५३ तर्जुमा भएकोमा उक्त नीति समेत परिमार्जन गर्नुपर्ने देखिएको छ।

**६. नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारीः**

**७. प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तर्राष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नामः**

**८. प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोराः**

राष्ट्रिय योजना आयोगको नेतृत्वमा केन्द्रीय तथ्याङ्क विभागबाट विक्रम संवत् २०७७ मा भएको **"Waste Management Baseline Survey of Nepal 2020"** मा स्थानीय तहहरूलाई फोहरमैला व्यवस्थापनमा सहजीकरण गर्न समग्र विषय समावेश भएको एकीकृत कानूनको आवश्यकता रहेको विषय औँल्याइएको छ। साथै विश्व बैंकको अर्थ मन्त्रालयसँग भएको **Development Policy Credit** मा समेत फोहरमैला व्यवस्थापन नीति तयार गर्ने विषय चालु आर्थिक वर्षको पूर्वसर्त र फोहरमैला व्यवस्थापन ऐनको तर्जुमाको विषय **Trigger** को रूपमा समावेश गरिएको छ।

**९. प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभारः**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार विभागले नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत स्थानीय पूर्वाधार नीति, २०६१ बमोजिम नियमित कार्यक्रम मार्फत प्रस्तावित

कानूनको कार्यान्वयन हुने। साथै प्रदेश तथा स्थानीय तहमा समेत आवश्यक जनशक्ति तथा स्रोत साधन विद्यमान रहेकोले प्रस्तावित कानून कार्यान्वयन गर्न थप आर्थिक व्ययभार नपर्ने।

**१०. प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्नेः**

सङ्घीय तहमा स्थानीय पूर्वाधार विभागबाट र प्रदेश तथा स्थानीय तहमा समेत विद्यमान संरचनाबाटै कार्यान्वयन हुने हुँदा थप संरचनाको आवश्यकता नरहेको।

**११. प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनुपर्नेमा सो परामर्श वा सहमति प्राप्त भए नभएकोः**

अर्थ मन्त्रालयको सहमति रहेको।

**१२. प्रस्तावित कानूनमा समावेश गर्न खोजिएको मुख्य विषयहरूः**

- फोहरमैला उत्सर्जन, संकलन, विसर्जन, व्यवस्थापन तथा न्यूनीकरण सम्बन्धमा तहगत सरकारको जिम्मेवारी निर्धारण,
- फोहरमैला व्यवस्थापनमा सङ्घीय एकाइहरू बीचको सहलगानी, सार्वजनिक-निजी साझेदारी, विकास सहायता परिचालन सम्बन्धी विषय,
- फोहरमैला व्यवस्थापनमा अध्ययन, अनुसन्धान, प्रविधिको विकास तथा हस्तान्तरण, अन्तर-स्थानीयतह तथा अन्तर-तह सहकार्य, ज्ञान, सिप र अनुभवको आदान-प्रदान सम्बन्धी विषय,
- फोहरमैला व्यवस्थापनमा व्यक्ति, समुदाय, संघ-संस्था तथा निजी क्षेत्रको भूमिका,
- फोहरमैला व्यवस्थापनमा स्थानीय तहको प्राविधिक सहजीकरणका लागि संस्थागत संयन्त्र सम्बन्धी विषय,
- प्रदूषण नियन्त्रण तथा वातावरणीय स्वच्छता कायम गर्न अवलम्बन गर्नुपर्ने नियमन सम्बन्धी विषय।

फोहोरमैला व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| क्र.सं. | दफा/ उपदफा/ खण्ड | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाउने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ६७ | फोहरमैला व्यवस्थापन ऐनको कार्यान्वयन गर्न तथा ऐनमा विस्तृत रुपमा नसमेटिएका प्रक्रियागत विषयमा नियमावली बनाई स्पष्ट पार्न आवश्यक रहेकोले। | -प्रदेश र स्थानीय तहसँग सहकार्य र सहलगानीको तरिका नियमावलीमा तोकिने<br>-स्थानीय तहलाई आवश्यक पर्ने प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्ने,<br>- प्रदेशबीच समन्वय कायम गर्ने, गराउने सम्बन्धमा नियमावली बनाई समन्वयको तरिका तय गरिने<br>- वैदेशिक सहयोगको व्यवस्था र परिचालनमा समन्वय गर्ने विषय नियमावलीमा समेटने<br>- एकीकृत सूचना प्रणालीको विकास गरी कार्यान्वयन गर्ने गराउने<br>- फोहरमैला व्यवस्थापन, ल्याण्ड फिल साइट लगायतका कार्यको लागि जग्गा उपलब्ध गराउने सन्दर्भमा आवश्यक सहयोग गर्ने। | फोहरमैला निष्काशन, प्रशोधन, विसर्जन व्यवस्थित भई जनस्वास्थ्यमा सुधार तथा वातावरणीय स्वच्छता कायम हुने। |
| २. | दफा ६८ को उपदफा (१) | फोहरमैलाको प्रकृति अनुरुप अलग अलग फोहरमैलाको फरक ढंगले व्यवस्थापन गर्न व्यवस्थापनमा | - हानिकारक, रासायनिक, पारोयुक्त औद्योगिक, तेजावजन्य, प्लास्टिकजन्य, स्वास्थ्यसंस्थाजन्य, विद्युतीय, निर्माणजन्य तथा घरायसी फोहोरमैला व्यवस्थापन गर्ने<br>- फोहोरमैला व्यवस्थापनमा प्रयोग हुने मालसामान, कन्टेनर, उपकरण, विधि, संरचना | -फोहरमैलाको वर्गीकरण गरी सोही अनुरुप व्यवस्थापन हुने<br>-फोहरमैला व्यवस्थापनमा प्रयोग |

| | | | | |
|---|---|---|---|---|
| | | विभिन्न उपकरण र विधि उपयोग गर्न तथा फोहरमैला स्थानान्तरण, स्यानिटरी ल्याण्डफिल्ड साइटको प्रभावकारी व्यवस्थापन गर्दै चक्रिय अर्थतन्त्र प्रवर्धन गर्न आवश्यक भएकोले। | सम्बन्धी व्यवस्था गर्ने<br>-फोहोरमैला सङ्कलन केन्द्र, स्थानान्तरण केन्द्र, फोहोरमैला प्रशोधन केन्द्र र स्यानिटरी ल्याण्डफिल साइट सम्बन्धी व्यवस्थालाई व्यवस्थित बनाउने,<br>-फोहोरमैला सङ्कलन केन्द्र, स्थानान्तरण केन्द्र, फोहोरमैला प्रशोधन केन्द्र र स्यानिटरी ल्याण्डफिल साइट सम्बन्धी,<br>- उत्पादकको विस्तारित जिम्मेवारी, चक्रीय अर्थतन्त्र सम्बन्धी विषय सम्बोधन गर्ने<br>- नेपाल सरकारले फोहरमैला व्यवस्थापन (संकलन, प्रशोधन, पुन प्रयोग, व्यवस्थापन लगायतका विषय) मा आवश्यक ठानेको अन्य विषयमा आवश्यकता बमोजिम निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउने। | हुने मालसामान, कन्टेनर, विधि तथा उपकरणको उपयोग गरी फोहरमैला व्यवस्थापन हुने<br>-फोहर संकलन, स्थानान्तरण, प्रशोधन तथा स्यानिटरी ल्याण्डफिल साइट व्यवस्थित हुने<br>-उत्पादकको विस्तारित जिम्मेवारी निर्धारण हुने तथा चक्रिय अर्थतन्त्रमा टेवा पुग्ने |

## फोहोरमैला व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| १. | संक्षिप्त नाम र प्रारम्भ | फोहोरमैला व्यवस्थापन ऐन, २०६८ खारेज गर्ने गरी यो ऐनको मस्यौदा तयार भएकोले राज्य पुनर्संरचना पछिको परिवेशलाई सम्बोधन गर्दै तीनै तहको भूमिकालाई स्पष्ट गरी फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित चक्रिय अर्थतन्त्रको अवधारणा अनुरूप फोहोरमैलालाई स्रोतको रूपमा उपयोग गर्ने, ल्याण्डफिल साईटमा जाने फोहरको मात्रा सकेसम्म न्यून गर्ने नीति, फोहोरमैला उत्पादकको दायित्व र जिम्मेवारी, फोहोरमैला व्यवस्थापनमा सार्वजनिक नीजि साझेदारी अवधारणाका साथै सम्पूर्ण विषयवस्तुलाई समेट्ने गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न यस ऐनको नाम "फोहोरमैला व्यवस्थापन ऐन, २०८३" राखि यो ऐन तुरुन्त प्रारम्भ हुने व्यवस्था गरिएको छ। |
| २. | परिभाषा | ऐनमा पटक पटक प्रयोग भएका विभिन्न शब्दहरूलाई उल्लेख गर्न र ती शब्दहरूको अर्थ स्पष्ट पार्नको लागि विभिन्न शब्दहरूको परिभाषा गरिएको। |
| ३. | नेपाल सरकारको जिम्मेवारी | यस ऐन तथा अन्य प्रचलित कानूनमा उल्लिखित काम, जिम्मेवारी वा कर्तव्यको अतिरिक्त फोहोरमैला व्यवस्थापनमा नेपाल सरकारको जिम्मेवारी स्पष्ट यस दफामा उल्लेख गरिएको छ। साथै नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अत्यधिक फोहोरमैला उत्पादन हुने वा उत्सर्जन गर्ने वा हानिकारक कुनै वस्तुको पैठारी, उत्पादन वा बिक्रि वितरणमा रोक लगाउन सक्ने र सो अनुरूप नभए कसूर गरेको मानिने व्यवस्था रहेको, फोहोरमैला व्यवस्थापनका लागि आवश्यक मापदण्ड बनाई लागू गर्ने वा गराउने, समन्वय, सहकार्य वा सहलगानी, वैदेशिक सहयोगको व्यवस्था र परिचालनमा समन्वय गर्ने, प्राविधिक सहयोग, एकीकृत सूचना प्रणालीको विकास एवं फोहोरमैला व्यवस्थापनमा शून्य फोहर व्यवस्थापन जस्ता नवीनतम तथा अत्याधुनिक प्रविधिको अध्ययन, अनुसन्धान तथा शोध गराई त्यसलाई कार्यान्वयन गर्ने वा गराउने, दुई वा सो भन्दा बढी स्थानीय तहले एकीकृत रूपमा फोहोरमैला व्यवस्थापन गर्नु पर्ने भएमा त्यस्ता स्थानीय तहको फोहोरमैलाको एकीकृत व्यवस्थापन योजना तयार गर्ने लगायतका विषयहरु समेटी जिम्मेवारीको व्यवस्था |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| | | गरिएको छ। |
| ४. | प्रदेश सरकारको जिम्मेवारी | यस ऐन तथा अन्य प्रचलित कानूनमा उल्लिखित काम, जिम्मेवारी र कर्तव्यको अतिरिक्त फोहोरमैला व्यवस्थापनमा प्रदेश सरकारको जिम्मेवारी स्पष्ट यस दफामा उल्लेख गरिएको छ। जस्तै समन्वय, सहकार्य वा सहलगानी गर्ने, संस्थाको क्षमता अभिवृद्धि लगायतका विषय उल्लेख गरिएको छ। दुई वा दुई भन्दा बढी स्थानीय तहले फोहोरमैलाको एकीकृत व्यवस्थापन गर्नुपर्ने भएमा नेपाल सरकारको योजनामा दोहोरो नपर्ने गरी त्यस्ता स्थानीय तहको एकीकृत फोहोरमैला व्यवस्थापन योजना तयार गर्ने र नेपाल सरकारले प्रदेश सरकारले गर्ने भनी तोकेबमोजिमका अन्य काम गर्ने व्यवस्था गरिएको छ। |
| ५. | स्थानीय तहको जिम्मेवारी | स्थानीय तहको क्षेत्रभित्र उत्सर्जित फोहोरमैला सङ्कलन, व्यवस्थापन, सोको अनुगमन तथा फोहोरमैला नियमन गरी आफ्नो क्षेत्र सफा, सुग्घर, स्वच्छ, स्वस्थ र सुन्दर राख्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ। सम्बन्धित स्थानीय तहले एक्लै वा अन्य स्थानीय तहसँग सहकार्य गरी फोहोरमैलाको प्रयोग, पुनः प्रयोग, सङ्कलन, प्रशोधन, निष्कासन वा व्यवस्थापनका लागि सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्र, फोहोरमैला प्रशोधन केन्द्र, कम्पोष्ट स्थल वा ग्याँस प्लान्ट, पुनः प्रयोग हुनसक्ने फोहोरमैला प्रशोधन केन्द्र, स्यानिटरी ल्याण्डफिल्ड साइट वा विसर्जन स्थल जस्ता पूर्वाधार संरचनाको तयारी, निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको रहने र सो जिम्मेवारी पूरा गर्न स्थानीय तहले अनुमतिप्राप्त संस्थालाई सुम्पन वा हस्तान्तरण गर्न सक्ने व्यवस्था गरिएको छ। नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम एकीकृत फोहोरमैला व्यवस्थापन योजना बनाउने, फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यसम्पादनका आधारमा स्थानीय तहले आफ्नो क्षेत्रभित्रका वडा, औद्योगिक प्रतिष्ठान वा क्लब वा स्थानीय समूहको ग्रेडिङ गरी उच्च ग्रेडिङ हासिल गर्नेलाई पुरस्कार वा अनुदान जस्ता प्रोत्साहन वा अन्य सुविधा प्रदान गर्ने, स्थानीय तहमा फोहोरमैला व्यवस्थापनमा भइरहेका काम तथा सो सम्बन्धी समस्या भएमा सोको पहिचान, आवश्यक सहजीकरण तथा सुधारका लागि पृष्ठपोषण र प्रतिवेदनसमेतका कामका लागि समुदायमा आधारित अनुगमन टोली खटाउने, जोखिमयुक्त फोहोर, आगलागी, विषाक्त पदार्थ चुहावट वा त्यस्तै प्रकारको आकस्मिक अवस्थाको व्यवस्थापनको |

| दफा | दफा शीर्षक | टिप्पणी |
| --- | --- | --- |
| | | आकस्मिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,आफ्नो क्षेत्रभित्र प्रति घरपरिवार उत्सर्जित फोहोरमैलाको दर, सङ्कलित फोहोरमैलाको कूल परिमाण, स्रोतमा नै फोहोरमैला वर्गीकरण गरिएको दर, पुनः प्रयोग वा चक्रीय प्रयोग सम्बन्धी तथ्याङ्कसहितको विवरण प्रत्येक वर्ष सार्वजनिक गर्ने जस्ता जिम्मेवारी हुने व्यवस्था गरिएको छ। |
| ६. | सम्बन्धित वडा कार्यालयको जिम्मेवारी | आफ्नो कार्यक्षेत्रभित्र रहेका धार्मिक, ऐतिहासिक वा सांस्कृतिक सम्पदा, सार्वजनिक सडक, सार्वजनिक उद्यान, पार्क, नदी, खोला आदिको नियमित सरसफाइ गर्ने र त्यस्ता सम्पदामा उत्सर्जित फोहोरमैलाको व्यवस्थापनको छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम र नभएकोमा स्थानीय तहले निर्धारण गरेको मापदण्ड बमोजिम त्यस्ता सम्पदा वा संरचनाको सरसफाइ गर्ने तथा सम्पदा वा संरचनामा उत्सर्जित फोहोरमैलाको नियमित व्यवस्थापन गर्ने, फोहोरमैला व्यवस्थापनका लागि आफ्नो क्षेत्रभित्र जनचेतना अभिवृद्धि कार्यक्रम, मासिक सरसफाइ अभियान तथा नागरिक सहभागिता कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तहको सम्बन्धित वडा कार्यालयको हुने व्यवस्था गरिएको छ। |
| ७. | उत्सर्जक व्यक्ति, समूह, संस्था वा निकायको दायित्व | कानूनमा नै फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, संस्था वा निकायको दायित्व स्पष्ट किटान गरिएमा कानूनको पालना गराउन सहज हुने हुँदा फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, संस्था वा निकायको दायित्व समेतको व्यवस्था गरिएको छ। फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, संस्था वा निकायको दायित्व सम्भव भएसम्म फोहोरमैला कम उत्सर्जन हुने गरी घरायसी व्यवहार, भान्सा प्रवन्ध, कुनै काम वा व्यवसाय सञ्चालन गर्ने, पुनः प्रयोग हुने वस्तुबाट छुट्याई बाँकी फोहोरमैला निष्कासन गरी फोहोरमैलाको परिमाणलाई घटाउने, पुनः प्रयोग हुनसक्ने फोहोरमैला वा औद्योगिक कच्चा पदार्थको रूपमा प्रयोग हुने फोहोरमैलाको विसर्जन नगर्ने, आफ्नो भवन परिसर क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहोरमैलाको विसर्जन सोही स्थानमा गर्ने, स्थानीय तहबाट निर्धारण भएको ठाउँ बाहेक अन्यत्र आफूले फोहोरमैलाको सङ्कलन वा विसर्जन नगर्ने र अरुलाई पनि अन्यत्र विसर्जन गर्न प्रोत्साहन नगर्ने, फोहोरमैला व्यवस्थापन गर्न स्थानीय तहलाई सहयोग पुऱ्याउने लगायतका विषयवस्तु समेटेर यस दफामा व्यवस्था गरिएको छ। पुनः |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| | | प्रयोग वा पुनः प्रशोधन गर्न नसकिने उत्पादन बजारमा ल्याउने उत्पादकले प्रचलित आर्थिक ऐन बमोजिम लाग्ने वातावरणीय योगदान शुल्क समेत तिर्नु पर्ने व्यवस्था गरिएको छ। |
| ८. | जोखिमयुक्त फोहोरमैला उत्सर्जनकर्ताको दायित्व | जोखिमपूर्ण, स्वास्थ्य संस्थाबाट उत्सर्जित वा उत्पादित, रासायनिक वा पारोयुक्त, औद्योगिक, विकिरणजन्य, विद्युतीय वा निर्माणजन्य फोहोरमैलाको उपयोग, प्रशोधन र व्यवस्थापन गर्ने दायित्व त्यस्तो फोहोरमैला उत्सर्जन गर्ने संस्था, उत्पादक वा नेपालमा रहेको मुख्य आधिकारिक विक्रेताको हुनेछ। फोहोरमैला उत्सर्जन तथा व्यवस्थापन गर्ने व्यक्ति, संस्था वा निकायले फोहोरमैलाको उपयोग, प्रशोधन वा व्यवस्थापन गर्दा सो सम्वन्धमा अधिकार प्राप्त अधिकारीले कुनै मापदण्ड जारी गरेको भए त्यस्तो मापदण्ड पालना गर्नु पर्ने। प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक अनुमति प्राप्त संस्था वा कम्पनीले फोहोरमैला व्यवस्थापन गर्दा सामूहिक रूपमा समेत गर्न सक्ने। कुनै सार्वजनिक स्थलमा कार्यक्रम गर्दा राखिएको पोष्टर, पम्प्लेट, झण्डा वा भित्तेलेखन तथा सो स्थलमा भएको फोहोरमैला हटाउने दायित्व त्यस्तो कार्यक्रम आयोजना गर्ने सम्बन्धित व्यक्ति, समूह, संस्था वा निकायको हुनेछ। यस दफाबमोजिम फोहोरमैला उपयोग वा प्रशोधन गरी बाँकी रहेको फोहोरमैलाको व्यवस्थापन गरिदिन कुनै उद्योग वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा फोहोरमैलाको प्रकृति अनुसार स्थानीय तहले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई त्यस्तो फोहोरमैलाको व्यवस्थापन स्थानीय तहले गर्न सक्ने। फोहोरमैलाको उत्सर्जन वा उत्पादन गर्ने संस्था, उत्पादक वा आधिकारिक विक्रेताले फोहोरमैलाको व्यवस्थापन नगरेमा त्यस्तो फोहोरमैला व्यवस्थापन गर्दा लागेको खर्च स्थानीय तहले सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट असुल गर्ने, सम्बन्धित व्यक्ति, संस्था वा निकायले फोहोरमैलाको व्यवस्थापन नगरेमा स्थानीय तहले त्यस्तो फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, संस्था, समूह वा निकायलाई व्यवसाय वा कारोबार सञ्चालन गर्न रोक लगाउन सक्ने व्यवस्था गरिएको छ। |
| ९. | नागरिक वा सर्वसाधारणको कर्तव्य | स्थानीय तहलाई फोहोरमैला व्यवस्थापनमा सहयोग गर्नु नागरिक वा सर्वसाधारणको कर्तव्य हुने। आफ्नो घर परिसर वा घर परिसर वरिपरि फोहोरमैला व्यवस्थापन गर्ने र फोहोरमैला हुन नदिने, घरायसी फोहोरमैलालाई |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| | | दफा ११ बमोजिमको वर्गीकरण अनुसार छुट्याई सङ्कलन केन्द्रमा लैजाने, सार्वजनिक स्थानमा कसैले फोहोरमैला उत्सर्जन वा निष्कासन गरेमा तत्सम्बन्धी प्रमाणसहित स्थानीय तहलाई अविलम्ब सूचना दिने, घर परिसर बाहिर रहेको बखत कुनै काम गर्दा वा कुनै उपभोग्य वस्तु उपभोग गर्दा कुनै फोहोरमैला उत्सर्जन भएमा त्यस्तो फोहोरमैला नजिकको डस्टबिनमा राख्ने र फोहोरमैला व्यवस्थापन गर्न स्थानीय तहले दिएको निर्देशन पालना गर्ने र स्थानीय तहले कानून बनाई प्रतिकूल हुने कुनै काम गर्ने व्यक्तिलाई जरिबाना गर्न सक्ने भन्ने व्यवस्था गरिएको छ। |
| १०. | फोहोरमैला निष्कासन | फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, संस्था वा निकायले फोहर निष्कासन कसरी गर्ने भन्ने सम्बन्धमा कार्य प्रक्रियालाई सहज बनाउन फोहोरमैला निष्कासनको समय, स्थान र तरिका स्थानीय तहले निर्धारण गर्ने साथै जोखिमयुक्त फोहोरमैला फोहोरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्कासन गर्न नपाइने विषय समावेश गरिएको छ। नदी, खोला, ताल, सिमसार तथा जलाधार क्षेत्रमा कुनै पनि प्रकारको फोहोर फाल्न वा विसर्जन गर्न नपाइने,हाल नदीमा ढल मिसाएको हकमा यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षभित्र ढल व्यवस्थापन सम्पन्न गर्नुपर्ने व्यवस्था गरिएको छ। |
| ११. | फोहोरमैलाको वर्गीकरण | स्थानीय तहले यस कार्यका लागि कानून बनाई फोहोरमैलालाई जोखिमयुक्त, कुहिने वा नकुहिने गरी स्रोतमा नै वर्गीकरण गरी छुट्याई सङ्कलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, संस्था वा निकायको हुने र सोका लागि आवश्यक प्रविधि, मालसामान, उपकरण वा डस्टबिन स्थानीय तहले उपलब्ध गराउने व्यवस्था गरिएको छ। |
| १२. | फोहोरमैला सङ्कलन | फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, संस्था वा निकाय आफैंले फोहोरमैलाको व्यवस्थापन गरेकोमा बाहेक स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्रको फोहोरमैला सङ्कलन गर्ने व्यवस्था आफैंले मिलाउनु पर्ने व्यवस्था राखिएको छ। फोहोरमैला सङ्कलन गर्ने र सो सम्बन्धी अन्य कार्यविधि सम्बन्धित स्थानीय तहले निर्धारण गर्ने व्यवस्था गरिएको छ। |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| १३. | सार्वजनिक स्थानमा फोहोरमैला सङ्कलन | स्थानीय तहले आफ्नो क्षेत्रभित्रका सार्वजनिक सडक, सार्वजनिक उद्यान, पार्क, प्रदर्शनी स्थल, सार्वजनिक यातायात, सवारी साधन विसौनी स्थल जस्ता सार्वजनिक स्थानमा आवश्यकता अनुसार ठाउँ ठाउँमा फोहोरमैला सङ्कलन गर्न फोहोरमैलाको वर्गिकरण अनुसार फरक फरक बन्द ढक्कन भएको डस्टबिन राख्नु पर्ने व्यवस्था गरिएको यस दफा बमोजिमको डस्टबिन नराखेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन महीनाभित्र त्यस्तो डस्टबिन राख्नु पर्ने व्यवस्था गरिएको छ। |
| १४. | फोहोरमैलाको ढुवानी | फोहोरमैला वर्गीकरण गरी छुट्याई निष्कासन तथा सङ्कलन गरिएको फोहोरमैलाको सङ्कलन केन्द्रमा जम्मा भएको फोहोरमैला अलग अलग ढुवानी साधनमा स्थानान्तरण केन्द्र वा फोहोरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने वा गराउनु जिम्मेवारी स्थानीय तहको रहने व्यवस्था गरिएको छ। |
| १५. | फोहोरमैला व्यवस्थापन | फोहोरमैलाको उचित व्यवस्थापन गरी वातावरणीय सरसफाई कायम गर्ने उद्देश्यले स्थानीय तहले फोहोरमैलालाई स्रोतको रूपमा प्रयोग वा अन्य किसिमले व्यवस्थापन गर्नु पर्नेछ र सो बमोजिम व्यवस्थापन हुन नसकेको फोहोरमैला व्यवस्थापनको लागि स्थानीय तहले स्यानिटरी ल्याण्डफिल साइट तोकी सो स्थानमा विसर्जन गरी व्यवस्थापन गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| १६. | निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापन | स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन निजी क्षेत्रद्वारा गराउँदा प्रतिष्पर्धाबाट छनौट भएको अनुमतिपत्र प्राप्त संस्थाबाट गराउनु पर्ने तथा त्यस्तो संस्थाबाट फोहोरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि, फोहोरमैला सङ्कलन, फोहोरमैला ढुवानी, फोहोरमैलाको उपयोग, पुनः प्रयोग, चक्रीय प्रयोग वा प्रशोधन, फोहोरमैला विसर्ज, र स्यानिटरी ल्याण्डफिल साइटको बन्दपछिको व्यवस्थापन जस्ता कार्य गराउन सकिने व्यवस्था गरिएको छ। |
| १७. | फोहोरमैला व्यवस्थापनमा सार्वजनिक निजी साझेदारी गर्न सकिने | निजी क्षेत्रको व्यवसायिक कुशलताको उपयोग गरी सार्वजनिक निजी साझेदारीको ढाँचा अनुसार फोहोरमैला व्यवस्थापन गर्न प्रभावकारी हुने भएकोले स्थानीय तहले सार्वजनिक निजी साझेदारीको ढाँचा बमोजिम साझेदारी गर्ने गरी निजी क्षेत्रको कुनै कम्पनी वा संस्थासँग फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य गर्न सक्ने व्यवस्था गरिएको छ। साथै नेपाल सरकारले यस ऐन अन्तर्गत वा प्रचलित |

| दफा | दफा शीर्षक | टिप्पणी |
| --- | --- | --- |
| | | कानूनले दिएको सुविधा बाहेक सार्वजनिक निजी साझेदारीलाई सञ्चालन गर्नका लागि आवश्यक सहायता (भायविलिटी ग्याप फण्डिङ्ग) प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ। |
| १८. | स्वास्थ्य र उद्योग सम्बन्धी फोहोरमैलाको व्यवस्थापन | स्वास्थ्य वा उद्योग सम्बन्धी संस्था स्थापनाको लागि अनुमति प्राप्त गर्न त्यस्तो संस्था सञ्चालन हुँदा उत्सर्जन वा उत्पादन हुने फोहोरमैला व्यवस्थापनको उचित प्रबन्ध गर्ने कार्ययोजना तयार गरी अनुमतिका लागि अधिकार प्राप्त निकायमा निवेदन गर्नु पर्ने र उपयुक्त कार्ययोजना व्यवस्था गरे वा नगरेको यकीन गरी कार्ययोजना स्वीकृत गरी अनुमति दिनु पर्ने र यसै साथ अन्य शर्त आवश्यकता अनुसार तोक्न सक्ने व्यवस्था गरिएको छ। साथै यो ऐन प्रारम्भ हुनु अघि स्थापना भई सञ्चालनमा रहेका स्वास्थ्य वा उद्योग सम्बन्धी संस्थाले यो ऐन प्रारम्भ भएको एक वर्षभित्र यस दफा बमोजिमको सिफारिस प्राप्त गरी संस्था स्थापनाको अनुमति दिने निकायमा पेस गर्नु पर्ने विषय समेत यो दफामा समेटिएको छ। |
| १९ | व्यावसायिक प्रतिष्ठानमा फोहोरमैला सङ्कलन उपकरणको व्यवस्था | कुनै वस्तु वा सेवाको व्यापार वा व्यवसाय सञ्चालन गर्ने कुनै पनि व्यक्ति, संस्था वा निकायले व्यापार वा व्यवसाय सञ्चालन गर्ने क्रममा वा त्यस्ता व्यक्ति, संस्था वा निकायमा भ्रमण गर्ने ग्राहक वा उपभोक्ताले त्यस्ता सेवा वा वस्तु प्राप्त गर्दा वा उपभोग गर्दा उत्सर्जन हुने फोहोरमैला सङ्कलन गर्न त्यस्तो व्यक्ति, संस्था वा निकायले आफ्नो प्रतिष्ठान परिसर भित्र फोहोरमैला सङ्कलन हुने उपयुक्त डस्टबिन राख्नु पर्ने व्यवस्था गरिएको छ। |
| २० | विपद्जन्य फोहोरमैला र नदीको फोहोरमैला व्यवस्थापन | विपद्को कारणले उत्सर्जन भएका फोहोरमैलाको व्यवस्थापनको लागि स्थानीय तहले कानून बनाई आवश्यक व्यवस्था मिलाउनु पर्ने, एक भन्दा बढी स्थानीय तहका क्षेत्र वा कुनै नदी दुई वा बढी स्थानीय तहको क्षेत्रभित्र पर्ने भएमा प्रभावित भएमा सम्बन्धित स्थानीय तहले आपसमा मिलेर विपद्जन्य फोहोरमैला व्यवस्थापन गर्ने र विपद्को कारणले उत्पादन भएको फोहोरमैला व्यवस्थापनको लागि स्थानीय तहले नेपाल सरकार वा प्रदेश सरकारबाट आवश्यक प्राविधिक वा अन्य सहयोग माग गरेमा त्यस्तो सहयोग उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएको छ। |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| २१ | सचेतना अभिवृद्धि | स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय तहले फोहोरमैलाको उत्सर्जन वा उत्पादन न्यूनीकरण गर्ने, फोहोरमैला वर्गीकरण गर्ने, फोहोरमैलाको व्यवस्थापन गर्ने वा विसर्जन गर्ने काममा सर्वसाधारणको सचेतना बृद्धि गर्न सञ्चार माध्यम, स्थानीय क्लव, गैरसरकारी संस्था, समुदायमा आधारित संस्था वा उपभोक्ता संस्थालाई प्रशिक्षण प्रदान गर्न वा त्यस्ता संस्थालाई परिचालन गर्न सक्ने र सचेतना अभिवृद्धिको लागि विद्यालय तह वा अनौपचारिक शिक्षाको पाठ्यक्रम तयार गराई सो विषयमा आवश्यक शिक्षा प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ। साथै सचेतना कार्यक्रम सञ्चालन गर्दा वा परिचालन गर्दा नागरिक, समुदाय, टोल विकास संस्था, सरोकारवालाको कर्तव्य र जिम्मेवारीको विषयमा जानकारी गराउनु पर्ने व्यवस्था गरिएको छ। |
| २२ | नवीन अवधारणा अवलम्बन गर्नसक्ने | नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधानको लागि फोहोरमैला व्यवस्थापन सम्बन्धी उत्पादकको विस्तारित जिम्मेवारी, ब्राण्ड अडिट र चक्रिय अर्थतन्त्र सम्बन्धी नवीन अवधारणा अवलम्बन गर्न सक्ने व्यवस्था गरिएको छ। |
| २३ | प्रभावित क्षेत्रको संरक्षण | स्थानीय तहले फोहोरमैला व्यवस्थापन स्थल, प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरण संरक्षणको गुरुयोजना बनाई त्यस्तो योजना कार्यान्वयनको लागि विभिन्न कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने, कार्यक्रम तर्जुमा र छनौट गर्नुअघि स्थानीय तहले प्रभावित क्षेत्रका सम्बन्धित समुदायसँग परामर्श गर्नु पर्ने, फोहोरमैला व्यवस्थापनमा उत्पादन गरिएको सामग्री बिक्री गर्दा प्रभावित क्षेत्रका बासिन्दालाई सहुलियत दर र रोजगारीमा प्राथमिकता, तर्जुमा गरिएको कार्यक्रमको कार्यान्वयन गर्दा सहभागिता हुनु पर्ने व्यवस्था रहेको र यस दफा अनुसार कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकार वा प्रदेश सरकारले स्थानीय तहलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्नु पर्ने विषय समेत व्यवस्था गरिएको छ। |
| २४ | फोहोरमैलाको उपयोग | फोहोरलाई सकेसम्म कम उत्पादन गर्ने उद्देश्यले पुनः प्रयोग, चक्रीय प्रयोग गरी उपयोगमा ल्याउँदै फोहोरमैलाबाट आर्थिक उपार्जन गर्न समेत यस दफाको व्यवस्था गरिएको साथै सङ्कलन भएको फोहोरमैलाको सरसफाइ वा प्रशोधन गरी |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| | | सोही रूपमा प्रयोग, पुनः प्रयोग वा चक्रीय प्रयोग गरी स्थानीय तहले उपयोगमा ल्याउनु पर्ने र उपयोगमा ल्याउँदा फोहोरमैलालाई स्रोतको रूपमा विकास गरी त्यसबाट सम्भव भएसम्म आर्थिक गतिविधि सञ्चालन हुने काम गर्नु पर्ने, यस दफा बमोजिम फोहोरमैलालाई स्रोतको रूपमा विकास गरी त्यसबाट प्राप्त भएको आम्दानी कुनै व्यक्ति, संस्था वा औद्योगिक प्रतिष्ठान आफैंले गरेको भए त्यस्तो व्यक्ति, संस्था वा वा औद्योगिक प्रतिष्ठान र स्थानीय तहले गरेको भए सम्बन्धित स्थानीय तहको हुने व्यवस्था गरिएको छ। |
| २५ | फोहोरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा चक्रीय प्रयोग | फोहोरमैलाको प्रयोग तथा उपयोगको सम्बन्धमा कार्यविधिगत व्यवस्था गर्न आवश्यक भएकोले स्थानीय तहले फोहोरमैलाको उत्सर्जन न्यूनीकरण गर्न, पुनः प्रयोग वा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कानूनी व्यवस्था गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरिएको छ। नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सामग्री पुनः चक्रीय प्रयोग गर्न मिल्ने प्याकेजिङ सामग्रीमा प्याकिङ गर्नु पर्नेछ। सो बमोजिम प्याकिङ गर्न प्रयोग भएको वस्तु पुनः चक्रीय प्रयोग गर्न सम्बन्धित उत्पादक वा बिक्रेताले प्याकिङ गर्दा प्रयोग भएको त्यस्तो वस्तु उपभोक्ताबाट उपयुक्त मूल्यमा खरिद गर्ने व्यवस्था रहेको छ। स्थानीय तहले पुनः प्रयोग तथा चक्रीय प्रयोग हुने सामग्रीको उपयोगको लागि प्रोत्साहन गर्न प्रदर्शनी कार्यक्रम आयोजना गर्न वा त्यस्तो सामग्रीको बिक्री वा कुनै तरिकाले आम्दानी हुने गरी मौलिक कार्यक्रम सञ्चालन गर्नका लागि रिसाइक्लिङ केन्द्र वा सेकेन्डरी मार्केट वा सेकेन्ड स्ट्रिट जस्ता क्रियाकलाप सञ्चालनका लागि प्रोत्साहन गर्न र त्यस्तो सञ्चालकलाई आवश्यक सेवा सुविधा प्रदान गर्न सक्ने व्यवस्था गरेको छ। |
| २६ | फोहोरमैलाबाट प्राङ्गारिक मल र उर्जा उत्पादन | फोहरलाई पनि त्यसको व्यवस्थापन गरी अन्य चीजवस्तु उत्पादन गरिएमा त्यस्ता व्यक्ति, संस्था वा निकायलाई स्थानीय तहले सहयोग गर्न सक्ने गरी जैविक फोहोरमैला प्रयोग गरी प्राङ्गारिक मल उत्पादन गर्न सक्ने व्यवस्था रहेको छ। यस प्रयोजनको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको आवश्यक समन्वय र सहकार्यको व्यवस्था रहेको छ। यस ऐन बमोजिम सङ्कलन भएको फोहर सङ्कलन गरी प्राङ्गरिक मल, उर्जा वा औद्योगिक कच्चा पदार्थ उत्पादन गर्न |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| | | स्थानीय तहले निजी क्षेत्रसँग सहकार्य गर्न सक्ने व्यवस्था रहेको छ। सो लगायत होटल, रिसोर्ट वा रेष्टुरेण्टबाट उत्सर्जन हुने फोहोरमैलाबाट त्यस्तो होटल, रिसोर्ट वा रेष्टुरेण्टले एक्लै वा सामूहिक रूपमा मल, उर्जा, इन्धन वा कच्चा पदार्थ उत्पादन गर्न सक्ने व्यवस्था र यसका लागि स्थानीय तहले आवश्यक सहयोग गर्न सक्ने व्यवस्था समेत रहेको छ। |
| २७ | पुनः प्रयोग हुनसक्ने फोहोरमैलाको वितरण | फोहोरमैलाको परिमाण घटाउने उद्देश्यले पुनः प्रयोग गर्न सकिने विद्युतीय सामग्री, फर्निचर, भाँडाकुँडा वा त्यस्तै प्रकृतिका अन्य वस्तुहरु तथा निर्माणजन्य फोहोरमैला निशुल्क वा कम मूल्यमा हस्तान्तरण गर्नको लागि स्थानीय तहले भण्डारण स्थल वा प्रदर्शन स्थल तोकी सोको सञ्चालन र व्यवस्थापन गर्न सक्ने व्यवस्था गरिएको छ। हस्तान्तरण नभएका वस्तु स्यानिटरी ल्याण्डफिल साइटमा उपयुक्त ढंगले व्यवस्थापन गर्ने व्यवस्था गरिएको छ। |
| २८ | कर छुट तथा अन्य सुविधा | फोहोरमैला व्यवस्थापनमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले कर छुट, अनुदान, सहुलियतपूर्ण ऋण लगायतका वा अन्य सुविधा उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ। फोहोरमैलाको व्यवस्थापनबाट मल, उर्जा वा पुनः प्रयोगको व्यवस्था मिलाउने वा औद्योगिक कच्चा पदार्थ उत्पादन गर्ने अनुमति प्राप्त व्यक्ति, संस्था वा निकायलाई यस प्रकारको सुविधाको व्यवस्था गरिएको छ। सोही कार्य स्थानीय तहले आफै गरे, नेपाल सरकार वा प्रदेश सरकारले अनुदान दिन सक्ने व्यवस्था रहेको छ।साथै पुनः उपयोग गर्न मिल्ने र आफैंले फिर्ता लिने प्याकेजिङ सामग्रीको प्रयोग गरी वस्तु उत्पादन वा प्याकेजिङ गर्ने उद्योगलाई नेपाल सरकारले प्रचलित कानून बमोजिमको कर छुट लगायतको विशेष सुविधा उपलब्ध गराउन सक्ने साथै फोहोरमैला व्यवस्थापन गर्ने प्रयोजनको लागि फोहोरमैलाबाट पुनः प्रयोग गर्न छनोट गरिएको वस्तु ढुवानी गर्दा स्थानीय तहले कुनै पनि किसिमको ढुवानी, निकासी वा कवाडी कर लगाउन नपाउने विषय समावेश गरिएको छ। |
| २९ | फोहोरमैला स्थानान्तरण केन्द्र | वातावरणीय दृष्टिकोणले उपयुक्त स्थानमा फोहोरमैलालाई प्रारम्भिक व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र तोक्दा मानव स्वास्थ्य, सार्वजनिक हित र सुविधा तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी र तोकिएको स्थानमा दुर्गन्ध नआउने र |

| दफा | दफा शीर्षक | टिप्पणी |
| --- | --- | --- |
| | | वातावरण प्रदुषित नहुने गरी तोक्नु पर्ने विषय समेतलाई राख्दै प्रारम्भिक चरणमा व्यवस्थापन गर्न स्थानीय तहले कुनै स्थानलाई स्थानान्तरण केन्द्रको रूपमा तोक्न सक्ने व्यवस्था गरिएको छ। त्यस्ता स्थान्तरण केन्द्र कम्तीमा पाँच रोपनी (दुई हजार पाँच सय चवालिस वर्ग मिटर) क्षेत्रफल भएको हुनुपर्ने र यसको स्थापनाको लागि वातावरणीय अध्ययनको आवश्यकता नहुने व्यवस्था गरिएको छ। |
| ३० | फोहोरमैला प्रशोधन केन्द्र स्थापना र सञ्चालन | कुनै एक स्थानीय तह वा एक भन्दा बढी स्थानीय तहले मिलेर फोहोरमैला व्यवस्थापनको लागि आपसमा सहकार्य गरी यो ऐन प्रारम्भ भएको छ महिनाभित्र सम्बन्धित क्षेत्रभित्रको उपयुक्त स्थानमा फोहोरमैला प्रशोधन केन्द्र स्थापना गर्नु पर्ने, यसरी स्थापना गरिने प्रशोधन केन्द्रको क्षेत्रफल कम्तीमा पचास रोपनी (पच्चीस हजार चार सय चालिस वर्ग मिटर) हुनुपर्ने, यसरी स्थापित प्रशोधन केन्द्रमा मेटेरियल रिकभर फ्यासिलिटी, फर्टिलाइजर प्लाण्ट, इन्सिनेरेटर प्लाण्ट र क्रसर प्लाण्ट गरी कम्तीमा चारवटा प्रशोधन प्लाण्ट हुनु पर्ने। साथै स्थानीय तहले फोहोरमैला प्रशोधन केन्द्रको स्थापना र सञ्चालन गर्न नेपाल सरकार र प्रदेश सरकारसँग प्राविधिक तथा आर्थिक सहयोग माग गर्न सक्ने समेतको व्यवस्था गरिएको छ। |
| ३१ | फोहोरमैला व्यवस्थापन स्थल | स्थानीय तहले आफ्नो क्षेत्रभित्र सङ्कलन भएको फोहोरमैला प्रशोधन वा अन्य तरिकाले उपयोग गरी व्यवस्थापन गर्नको लागि उपयुक्त स्थलको व्यवस्था मिलाउनु पर्ने, फोहोरमैला व्यवस्थापन स्थल तोक्नको लागि स्थानीय तहको आफ्नै जग्गा नभएमा वा जग्गा भए तापनि फोहोरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नभएमा सम्बन्धित स्थानीय तहले सो प्रयोजनको लागि अर्को स्थानीय तहसँग सम्झौता गरी दुवै स्थानीय तहले लागत साझेदारी गर्नेगरी संयुक्त रूपमा फोहोरमैला व्यवस्थापन स्थल तोक्न सक्ने, फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त स्थलको छनौट हुन नसकेमा स्थानीय तहले त्यस्तो जग्गा उपलब्ध गराइदिन वा जग्गा प्राप्ति गराइदिन नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा अनुरोध गर्न सक्नेछ। यसरी अनुरोध भई आएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले सम्बन्धित स्थानीय तहलाई प्रचलित कानूनबमोजिम आवश्यक जग्गा उपलब्ध गराउन वा जग्गा प्राप्त गरिदिन आवश्यक व्यवस्था गर्न सक्ने। स्थानीय तहले फोहोरमैला व्यवस्थापन स्थलबाट उत्सर्जित मिथेन लगायतका हरितगृह |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| | | ग्यासको नियन्त्रण, सङ्कलन तथा उपयोगका लागि आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था गरिएको छ। |
| ३२ | फोहोरमैला व्यवस्थापन स्थल संवेदनशील क्षेत्र हुने | स्थानीय तहले तोकेको फोहोरमैला व्यवस्थापन स्थल वातावरणीय रूपमा संवेदनशील क्षेत्र हुने र उक्त क्षेत्रमा वातावरण संरक्षण तथा उचित व्यवस्थापनका लागि घरपालुवा पशुपन्छी, जीवजन्तु तथा मानवको अनधिकृत प्रवेशमा रोक लगाउने, ढुङ्गा, गिट्टी वा बालुवा निकाल्ने कार्यमा रोक लगाउने व्यवस्था गरिएको छ। |
| ३३ | एकीकृत फोहोरमैला व्यवस्थापन स्थल निर्धारण गर्नसक्ने | दुई वा सोभन्दा बढी स्थानीय तहलाई एउटै फोहोरमैला स्थानान्तरण केन्द्र, प्रशोधन केन्द्र वा व्यवस्थापन स्थल उपयुक्त हुने भएमा त्यस्ता स्थानीय तहले आपसमा समन्वय र लिखित समझदारी गरी एउटै केन्द्र वा फोहोरमैला व्यवस्थापन स्थल निर्धारण गर्न सक्ने र त्यस्तो केन्द्र वा स्थल जिल्लाभित्र रहने भए सम्बन्धित जिल्ला समन्वय समितिले र जिल्ला बाहिर प्रदेश भित्रको अर्को जिल्लामा रहने भए सम्बन्धित प्रदेश सरकारले आवश्यक समन्वय र सहजीकरण गर्नुपर्ने लिखित समझदारी गर्दा फोहोरमैला व्यवस्थापन र सञ्चालन खर्च समेत फोहोरमैलाको परिमाणको अनुपातमा व्यहोर्ने गरी गर्न सकिनेछ। स्थानान्तरण केन्द्र, प्रशोधन केन्द्र वा फोहोरमैला व्यवस्थापन स्थल सञ्चालनका लागि स्थानीय प्रशासनको सहयोग आवश्यक भएमा सम्बन्धित स्थानीय तहले प्रमुख जिल्ला अधिकारीसमक्ष अनुरोध गर्न सक्ने र प्रमुख जिल्ला अधिकारीले सम्बन्धित स्थानीय तहलाई आवश्यक सहयोग गर्नु पर्ने व्यवस्था गरिएको छ। एकीकृत फोहोरमैला व्यवस्थापन स्थल रहेको स्थानीय तहलाई अन्य सम्बन्धित स्थानीय तहले फोहोर व्यवस्थापन स्थलको प्रयोगवापत फोहोरमैला उत्सर्जनको परिमाणको आधारमा वार्षिकरुपमा तोकिए बमोजिमको शुल्क तिर्नुपर्ने व्यवस्था गरिएको छ। |
| ३४ | कार्यकारी समितिको गठन | सबैभन्दा बढी फोहोरमैला उत्सर्जन गर्ने स्थानीय तहको प्रमुख वा अध्यक्षको अध्यक्षतामा  सम्बन्धित स्थानीय तहका प्रमुख वा अध्यक्ष, प्रमुख जिल्ला अधिकारी, सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत फोहोरमैला व्यवस्थापनको क्षेत्रमा कार्य अनुभव भएको विज्ञ दुईजना, सदस्य  साथै सबैभन्दा |

| दफा | दफा शीर्षक | टिप्पणी |
| --- | --- | --- |
| | | बढी फोहोरमैला उत्सर्जन गर्ने स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव रहने गरी दुई वा सो भन्दा बढी स्थानीय तहको फोहोरमैलाको एकीकृत व्यवस्थापन गर्न कार्यकारी समितिको गठन गर्ने व्यवस्था गरिएको छ। साथै फोहोरमैला व्यवस्थापनको क्षेत्रमा कार्य अनुभव भएको विज्ञ दुईजना सदस्यको मनोनयन समितिले गर्ने र सदस्यको पदावधि दुई वर्षको हुने, निजको कार्यसम्पादन सन्तोषजनक नभएमा कार्यकारी समितिले जुनसुकै बखत पदबाट हटाउन सक्ने व्यवस्था गरिएको छ। |
| ३५ | कार्यकारी समितिको काम, कर्तव्य र अधिकार | फोहोरमैलाको एकीकृत व्यवस्थापन सम्बन्धी कार्य गर्न गठित कार्यकारी समितिको काम, कर्तव्य र अधिकारमा फोहोरमैलाको एकीकृत व्यवस्थापन सम्बन्धी कार्य योजना तयार गरी स्वीकृत गर्ने, प्रदेश सरकार वा सम्बन्धित स्थानीय तहबाट प्राप्त फोहोरमैलाको एकीकृत व्यवस्थापन सम्बन्धी योजना आवश्यकतानुसार परिमार्जन गरी स्वीकृत गर्ने, एकीकृत फोहोरमैलाको व्यवस्थापन सम्बन्धमा आवश्यकतानुसार फोहोरमैला स्थानान्तरण केन्द्र, प्रशोधन केन्द्र वा फोहोरमैला व्यवस्थापन स्थलका लागि प्रचलित कानून बमोजिम जग्गा व्यवस्थापन गर्ने, एकीकृत फोहोरमैला व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण, सञ्चालन र व्यवस्थापनका लागि प्रचलित कानून बमोजिम खरिद कारबाही गर्ने, सम्बन्धित स्थानीय तहबाट उत्सर्जित फोहोरमैलाको परिमाणको अनुपातमा त्यस्तो फोहोरमैलाको व्यवस्थापन खर्च व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्ने, फोहोरमैलाको एकीकृत व्यवस्थापनका सम्बन्धमा उठेका सवाल र गुनासो व्यवस्थापन गर्ने, फोहोरमैलाको सङ्कलन, स्थानान्तरण, प्रशोधन तथा फोहोरमैला व्यवस्थापन स्थलको अनुगमन गर्ने र आवश्यकतानुसार निर्देशन दिने कर्तव्य र अधिकार रहने व्यवस्था गरिएको छ। |
| ३६ | कार्यकारी समितिको बैठक र निर्णय | कार्यकारी समितिको बैठक महिनामा कम्तीमा एक पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्ने। कार्यकारी समितिको सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने, समितिको बैठकको निर्णय |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| | | सामान्यतया सहमतिको आधारमा हुने र सहमति हुन नसकेमा बहुमतको आधारमा हुने र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने, समितिले आवश्यकतानुसार फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै विशेषज्ञ वा सम्बन्धित पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्ने, समितिको प्रत्येक बैठकमा उपस्थित सदस्यहरूको नाम, छलफल भएका विषयवस्तु तथा बैठकमा भएका निर्णयहरू एउटा छुट्टै निर्णय पुस्तिकामा लेखी उपस्थित सदस्यहरूको दस्तखत गराई सदस्य-सचिवद्वारा प्रमाणित गरी राख्नुपर्ने र समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्ने गरी व्यवस्था गरिएको छ। |
| ३७ | प्रदूषण नियन्त्रण | आफ्नो क्षेत्रभित्र सङ्कलित फोहोरमैला र सोको व्यवस्थापनबाट हुन सक्ने प्रदूषण नियन्त्रणको जिम्मेवारी स्थानीय तहको हुने साथै सङ्कलित फोहोरमैला निष्कासन तथा व्यवस्थापन गर्न स्थानीय तहले नियमन, निर्देशन वा नियन्त्रण गर्न सक्ने व्यवस्था गरिएको छ। |
| ३८ | वातावरणीय प्रदूषण हुने गरी फोहोरमैला जलाउन नहुने | फोहोरमैलालाई वातावरणीय प्रदूषण हुने गरी जलाउन नपाउने तर सहप्रशोधन, उर्जा उत्पादन तथा अन्य प्रयोजनका लागि नेपालसरकारले स्वीकृत गरेको विधि तथा मापदण्ड बमोजिम फोहोरमैला जलाउन बाधा नपर्ने व्यवस्था गरिएको छ। |
| ३९ | रासायनिक पदार्थ वा विषादी पैठारी र नष्ट गर्नुपर्ने | फोहोरमैला उत्पादन गर्ने रासायनिक पदार्थ वा विषादीको पैठारी गर्दा प्रचलित मापदण्डबमोजिम गर्नु पर्ने र समयावधि सकिएको रासायनिक विषादी प्रचलित मापदण्डको अधीनमा रही सम्बन्धित उत्पादक वा पैठारीकर्ताले नष्ट गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| ४० | जोखिमपूर्ण फोहोरमैलाको विसर्जन | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको रासायनिक पदार्थ, विषादी, विकिरणयुक्त वस्तु वा कुनै विद्युतीय सामग्री सम्बन्धित उत्पादक वा मुख्य आधिकारिक विक्रेता आफैंले नष्ट वा विसर्जन गर्नु पर्ने र जोखिमपूर्ण फोहोरमैला नष्ट वा विसर्जन गर्दा वातावरणमा प्रतिकूल असर नपर्ने गरी त्यस्तो पदार्थ, वस्तु वा सामग्रीको प्रकृतिको आधारमा छुट्टाछुट्टै नष्ट वा विसर्जन गर्नु पर्ने व्यवस्था गरिएको छ। |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| ४१ | अनुमतिपत्र लिनुपर्ने | स्थानीय तहमा फोहोरमैला व्यवस्थापन गर्न चाहने संस्थाले सम्बन्धित स्थानीय तहको कानूनबमोजिम अनुमतिपत्र लिनु पर्ने। अनुमतिपत्र प्राप्त संस्थाहरुबाट प्रस्ताव सहितको आशयपत्र आव्हान गरी खुला प्रतिस्पर्धाबाट स्थानीय तहले संस्था छनौट गरी फोहोरमैला व्यवस्थापन गर्न जिम्मा दिनु पर्ने। फोहोरमैला व्यवस्थापकको छनौट गर्दा स्थानीय तहबाट प्राप्त गर्ने फोहोरमैलालाई स्रोतको रूपमा प्रयोग गरी आय आर्जन गर्ने कार्ययोजना, फोहोरमैलाबाट ऊर्जा, इन्धन, प्राङ्गारिक मल वा कच्चा पदार्थ उत्पादन गर्ने भए त्यस्तो उत्पादन गर्ने प्राविधिक, वित्तीय र जनशक्तिको क्षमता, फोहोरमैला व्यवस्थापन गर्न आवश्यक आर्थिक तथा प्राविधिक क्षमता र त्यसको स्रोत,फोहोरमैला व्यवस्थापनमा अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपना तथा वातावरणीय दुष्प्रभाव न्यूनीकरण, स्थानीय तहलाई बुझाउन कबुल गरेको रकम वा स्थानीय तहले व्यहोर्न प्रस्ताव गरिएको रकम जस्ता विषयका आधारमा गर्नुपर्ने, छनौट भएको संस्थासँग स्थानीय तहले फोहोरमैला व्यवस्थापन सम्झौता गर्दा सम्झौतामा आवश्यकता अनुसारका विषय र शर्तहरू उल्लेख गर्न सक्ने। फोहोरमैला व्यवस्थापनको जिम्मा पाएको अनुमति प्राप्त संस्थाले स्थानीय तहसँग गरेको सम्झौताको अधीनमा रही सम्बन्धित स्थानीय तहबाट फोहोरमैला सङ्कलन गर्न र फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, समूह, उद्योग प्रतिष्ठान, स्वास्थ्य संस्था वा यस्तै प्रकृतिका अन्य संस्थाबाट सेवा शुल्क उठाउँदा फोहोरमैलाको परिमाण र प्रकृतिको आधारमा स्थानीय तहले निर्धारण गरे बमोजिमको शुल्क लिन सक्ने व्यवस्था गरिएको छ। अनुमतिपत्रको अवधस पाँच वर्षको हुने व्यवस्था गरिएको छ। |
| ४२ | फोहोरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालनको स्वीकृति | अनुमतिपत्र प्राप्त संस्थाले फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न वा फोहोरमैलाको उपयोग गर्न स्वीकृति माग गरेमा प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि सम्बन्धित स्थानीय तहले स्वीकृति दिनु पर्ने, यसरी स्वीकृति प्राप्त संस्थालाई आवश्यक जग्गाको व्यवस्थापनको लागि स्थानीय तहले आवश्यक सहजीकरण गर्नु पर्ने, जग्गाको व्यवस्थापन गर्नु पर्ने भएमा स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारको सम्बन्धित मन्त्रालयलाई अनुरोध गर्न सक्नेछ र |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| | | सम्बन्धित मन्त्रालयले जग्गा उपलब्ध गराउन आवश्यक सहयोग गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| ४३ | सेवा शुल्क | स्थानीय तहले कानून बनाई फोहोरमैला व्यवस्थापन गरे वापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्ने, शुल्क निर्धारण गर्दा फोहोरमैलाको परिमाण, तौल तथा प्रकृतिको आधारमा गर्नु पर्ने साथै, घरायसी फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति र व्यवसाय सञ्चालनबाट फोहोरमैला उत्सर्जन वा उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायलाई फरक हुने गरी निर्धारण गर्नु पर्ने व्यवस्था गरिएको छ। यस्तो शुल्क स्थानीय तहले आफैं वा अनुमति प्राप्त संस्थामार्फत उठाउन सक्ने तथा विपन्न वर्गलाई सेवामा छुट दिन सक्ने व्यवस्था गरिएको छ। यसरी उठाइएको शुल्कबाट हुने आम्दानीलाई स्थानीय तहले फोहोरमैला व्यवस्थापन तथा वातावरणीय संरक्षणमा खर्च गरी बाँकी रकमको सत्तरी प्रतिशत रकम फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्र तथा बासिन्दाको सामाजिक विकासमा खर्च गर्नुपर्ने व्यवस्था गरिएको छ। |
| ४४ | सेवा रोक्का वा अन्त्य | स्थानीय तहले यस ऐन बमोजिम तोकिएको दायित्व पूरा नगर्ने, जोखिमयुक्त फोहोरमैला व्यवस्थापन नगर्ने, फोहोरमैला नछुट्याउने वा सेवा शुल्क नबुझाउने व्यक्ति, संस्था वा निकायको फोहोरमैला व्यवस्थापन सम्बन्धी सेवा रोक्का वा अन्त्य गर्न सक्ने र सोको जानकारी अनुमति प्राप्त संस्थालाई दिनु पर्ने व्यवस्था गरी सेवा रोक्का वा अन्त्य भएका सम्बन्धित व्यक्ति संस्था वा निकायले आफै व्यवस्थापन गर्नुपर्ने प्रावधान राखिएको छ। यसरी सेवा रोक्का वा अन्त्य भएकोमा सम्बन्धित व्यक्ति, संस्था वा निकायले फोहोरमैला छुट्याएर मात्र निष्कासन गर्ने प्रतिवद्धता गरेमा वा बुझाउनु पर्ने बाँकी सेवा शुल्क एकमुष्ट बुझाएमा सम्बन्धित स्थानीय तहले निजलाई पुनः सेवा प्रदान गर्नु पर्ने व्यवस्था गरी फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउने विषय यसमा उल्लेख गरिएको छ। |
| ४५ | विवरण अद्यावधिक गर्नुपर्ने | स्थानीय तहले आफ्नो क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापनमा काम गर्ने संस्थाले काम गरिरहेको क्षेत्र र प्रकृति, जनशक्ति, आर्थिक तथा प्राविधिक स्रोत तथा स्थानीय तहले तोकेको अन्य विवरण समेत समावेश गरी विवरण अद्यावधिक राख्नु पर्ने विषय यस दफामा उल्लेख भएको। |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| ४६ | फोहोरमैला उत्सर्जन गर्ने वस्तुको नियन्त्रण | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा कम गुणस्तरको प्लाष्टिक झोला वा प्लाष्टिकजन्य त्यस्तै वस्तु वा फोहोरमैला उत्सर्जन गर्ने अन्य वस्तुको स्थानीय तहको क्षेत्रभित्र उत्पादन, पैठारी, बिक्री वितरण वा प्रयोग गर्न रोक लगाउन सक्ने व्यवस्था गरी सो विपरीत गरेको पाइएमा सम्बन्धित स्थानीय तहले त्यस्तो वस्तु जफत गर्न सक्ने र जफत गरेमा सोको व्यवस्थापन वा विसर्जन गरी लागेको लागत सम्बन्धित व्यक्ति वा संस्थाबाट असुल गरिने व्यवस्था गरिएको छ। |
| ४७ | नियमित अनुगमन गर्नु गराउनु पर्ने | स्थानीय तहले फोहोरमैला व्यवस्थापन, विसर्जन वा निष्कासन कार्यको नियमित अनुगमन गर्ने, गराउने व्यवस्था गर्नु पर्ने, स्थानीय तहले आफ्नो क्षेत्रभित्रका आवासीय भवन, व्यावसायिक प्रतिष्ठान, सरकारी, गैरसरकारी वा निजी कार्यालय, शिक्षण संस्था वा यस्तै प्रकृतिका अन्य संस्थाको परिसरमा फोहोरमैला व्यवस्थापन, वर्गीकरण, उपयुक्त कन्टेनरको व्यवस्था भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्नु पर्ने र सो कार्यको लागि अनुगमन कार्ययोजना बनाई अनुगमनकर्ता आवश्यक सङ्ख्यामा खटाउन सक्ने व्यवस्था गरिएको छ। यसरी अनुगमन गरी अनुगमनकर्ताले सोको प्रतिवेदन स्थानीय तहमा पेश गर्ने र प्रतिवेनमा औंल्याइएका विषयमा सुधार गर्न स्थानिय तहले निर्देशन दिएमा पालना गर्ने कर्तव्य सबैको हुने विषय यस दफामा उल्लेख गरिएको छ। |
| ४८ | अनुमतिपत्र प्राप्त संस्था वा कम्पनीको काम, कारबाहीको अनुगमन | अनुमतिपत्र प्राप्त संस्था वा कम्पनीले अनुमतिपत्र बमोजिम फोहोरमैलाको व्यवस्थापन गर्दा वा सो सम्बन्धी संयन्त्रको निर्माण वा सञ्चालन गर्दा यो ऐन, वातावरण सम्बन्धी प्रचलित कानून, वातावरणीय अध्ययन प्रतिवेदन वा यस ऐनबमोजिम जारी गरिएको मापदण्ड पालना गरे नगरेको सम्बन्धमा स्थानीय तहले अनुगमनकर्ता खटाई अनुगमन गर्नु पर्ने, अनुगमन गर्दा पालना गरेको नपाइएमा सोको पालनाको लागि आवश्यक व्यवस्था गर्न स्थानीय तहले अवधि तोकी निर्देशन दिन सक्ने र निर्देशन दिएमा पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त संस्था वा कम्पनीको कर्तव्य हुने व्यवस्था गरी उक्त निर्देशन पालना नगरेमा सम्झौता रद्द गर्ने अधिकार स्थानीत तहलाई प्रदान गरिएको छ। यसरी सम्झौता रद्द भएमा अनुमतिपत्र स्वतः रद्द हुनेछ। |

| दफा | दफा शीर्षक | टिप्पणी |
| --- | --- | --- |
| ४९ | नियमनकारी निकायले अनुगमन गर्नुपर्ने | प्रचलित कानूनबमोजिम कुनै व्यवसाय वा सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने वा त्यस्तो व्यवसाय वा सेवाको नियमन गर्ने नियमनकारी निकायले त्यस्तो व्यवसाय वा सेवा सञ्चालन गर्ने प्रतिष्ठानमा अनुगमन वा निरीक्षणको सिलसिलामा भ्रमण गर्दा त्यस्तो प्रतिष्ठानले यस ऐनबमोजिम फोहोरमैला व्यवस्थापन गरे वा नगरेको विषयमा समेत अनुगमन गर्नु पर्ने र ऐनको पालना भएको नदेखिएमा त्यस्तो प्रतिष्ठानलाई निर्देशन दिन सक्ने व्यवस्था गरी प्राप्त निर्देशनको पालना गर्नुपर्ने कर्तव्य सम्बन्धित प्रतिष्ठानको हुने गरी तोकिएको छ। |
| ५० | समन्वय तथा अन्तरसम्बन्ध कायम गर्ने | सङ्घ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिम शहरी विकास सम्बन्धी विषयगत समितिले फोहोरमैला व्यवस्थापनका सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको भूमिका निर्धारण गर्ने, एकीकृत रुपमा फोहोरमैला व्यवस्थापन गर्न लगानी गर्नुपर्ने अवस्थामा लगानीको मापदण्ड निर्धारण गर्ने तथा तीन तहबीच समन्वय कायम गर्ने व्यवस्था यो दफामा गरिएको छ। |
| ५१ | दोहोरो नपर्नेगरी फोहोरमैला व्यवस्थापन गर्नुपर्ने | एउटै स्थानको फोहोरमैला व्यवस्थापन गर्दा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले दोहोरो नपर्ने हिसाबले आपसमा समन्वय गरी व्यवस्थापन गर्नुपर्ने व्यवस्था यो दफामा गरिएको छ। |
| ५२ | नेपाल सरकार वा प्रदेश सरकारले निर्देशन दिनसक्ने | नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकायले यो ऐन तथा अन्य प्रचलित कानूनबमोजिमको मापदण्ड अनुरूप फोहोरमैलाको व्यवस्थापनका लागि स्थानीय तहलाई आवश्यक निर्देशन दिन सक्ने र निर्देशन प्राप्त भएको सोको पालना सम्बन्धित स्थानीय तहले गर्नुपर्ने गरी यस दफामा व्यवस्था गरिएको छ। |
| ५३ | कसुर | यस ऐनमा व्यवस्था भएका के-कस्ता विषयहरु पालना नहुँदा कसुर गरेको मानिने भन्ने विषयलाई बुँदागत रूपमा समेटी यस दफामा व्यवस्था गरिएको छ। |
| ५४ | सजाय | दफा ५३ मा उल्लेखित कसूर गर्ने व्यक्तिलाई स्थानीय तहले के-कस्ता सजाय गर्न सक्ने हो सोको व्यवस्था यस दफामा समेटिएको छ।यसरी तोकिए अनुसारको जरिवाना स्थानीय तहले अधिकार प्रदान गरेको अधिकारीले तत्काल जरिवाना गरी सोको रसिद दिने व्यवस्था रहेको छ। साथै के-कस्ता कसूर गरेमा |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| | | सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले सजाय गर्न सक्ने विषय समेत यस दफामा व्यवस्था गरिएको छ। |
| ५५ | मुद्दा सरकारवादी हुने | दफा ५३ बमोजिम फोहोरमैला सङ्कलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापन वा विसर्जनमा कुनै किसिमले बाधा अवरोध सृजना गरेमा, फोहोरमैला सङ्कलन, ढुवानी वा अन्तिम निष्कासन स्थलमा अवरोध, बन्द, घेराउ गरेमा वा फोहोरमैला व्यवस्थापन सम्बन्धी काममा हडताल गरेमा र दफा ३ को उपदफा (२) बमोजिम रोक लगाएको कुनै वस्तुको पैठारी, उत्पादन वा बिक्री वितरण गरेमा कसुर हुने र त्यस्तो कसुरमा अनुसन्धान गरी मुद्दा दायर गर्नु पर्ने भएकोले त्यस्तो मुद्दामा नेपाल प्रहरीले अनुसन्धान गरी सरकारी वकीलले अभियोगपत्र दायर गर्ने व्यवस्था गर्नु मनासिब हुँदा त्यस्तो मुद्दा नेपाल सरकारवादी हुने र मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची-१ मा परेको मानिने व्यवस्था यो दफामा गरिएको छ। |
| ५६ | पुनरावेदन | यस ऐनबमोजिम प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था यो दफामा गरिएको छ। |
| ५७ | हरित सार्वजनिक खरिद | सरकारी निकायले वस्तु, सेवा तथा निर्माण कार्यको खरिद गर्दा पुनः प्रयोगयोग्य, पुनः प्रशोधित तथा वातावरणमैत्री सामग्रीलाई प्राथमिकता दिनुपर्ने व्यवस्था गरिएको छ। |
| ५८ | संक्रमणकालिन व्यवस्थापन | फोहोरमैला व्यवस्थापनको लागि सम्झौताको अवधि समाप्त भई नवीकरण वा नयाँ सम्झौता सम्पन्न नभएसम्म फोहोरमैला व्यवस्थापन सम्बन्धी सेवा अवरुद्ध हुन नदिन सम्बन्धित निकायले साविकको सेवा प्रदायकबाट अधिकतम छ महिनासम्म साविककै शर्त, मापदण्ड र दररेटमा सेवा सञ्चालन गराउन सक्ने र सो थप अवधिभित्र सम्बन्धित निकायले नयाँ सम्झौता सम्पन्न गर्नुपर्ने व्यवस्था गरिएको छ। |
| ५९ | शून्य फोहोर क्षेत्र घोषणा गर्न सकिने | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले तोकिए बमोजिमका मापदण्ड पूरा गरेका बस्ती, वडा, नगरपालिका, विद्यालय, औद्योगिक क्षेत्र वा पर्यटन |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| | | क्षेत्रलाई शून्य फोहोर क्षेत्र घोषणा गरी त्यस्ता क्षेत्रलाई विशेष प्रोत्साहन उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ। |
| ६० | मेला महोत्सव वा सम्मेलनका लागि मापदण्ड पालना गर्नुपर्ने | सार्वजनिक मेला, महोत्सव, सम्मेलन वा अन्य ठूलो कार्यक्रम सञ्चालन गर्न सम्बन्धित आयोजकले स्थानीय तह समक्ष फोहोरमैला व्यवस्थापन योजना पेश गर्नुपर्नेछ र त्यस्तो योजना सन्तोषजनक देखिएको र तोकिए बमोजिमका मापदण्ड पालना भएको देखिएमा त्यस्तो कार्यक्रम सञ्चालन गर्न अनुमति प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ। |
| ६१ | पूर्वाधार तथा स्रोतमा फोहोरमैला वर्गीकरण गर्नुपर्ने | नयाँ सरकारी भवन, औद्योगिक क्षेत्र, आवासीय आयोजना, बसपार्क, विमानस्थल, व्यापारिक केन्द्र तथा ठूला सार्वजनिक संरचनाको स्वीकृति लिनु अघि फोहोरमैला व्यवस्थापन पूर्वाधार तथा फोहोरमैलाको स्रोतमा नै वर्गीकरण गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| ६२ | नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्ने | कुनै स्थानीय तहले विदेशी व्यक्ति, सङ्घ, संस्था वा दातृ निकायबाट सहयोग लिई फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै कार्यक्रम सञ्चालन गर्ने भएमा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था यो दफामा गरिएको छ। |
| ६३ | सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनु पर्ने | पर्नेफोहोरमैला व्यवस्थापन गर्ने निकाय वा संस्थाले फोहोरमैला व्यवस्थापनमा संलग्न जनशक्तिलाई हुन सक्ने हानिलाई मध्यनजर गर्दै प्रयोग गर्ने सुरक्षित पोसाक(पि.पि.इ.) वा प्रयोग गर्ने उपयुक्त सामग्री, औजार तथा उपकरण उपलब्ध गराई पेशागत स्वास्थ्य सुरक्षाको व्यवस्था गर्नु पर्ने तथा फोहोरमैला व्यवस्थापन कार्यमा संलग्न जनशक्तिलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराई स्वास्थ्य बीमा कार्यक्रममा समेत समावेश गर्ने व्यवस्था मिलाउनु पर्ने विषय यो दफामा राखिएको छ। |
| ६४ | सामाजिक उत्तरदायित्व र सचेतना अभिवृद्धि | घरायसी फोहोरमैला बाहेकका अन्य फोहोरमैला उत्सर्जन गर्ने संस्थाले आय आर्जन गरेको रकमबाट फोहोरमैला व्यवस्थापन वा सचेतना अभिवृद्धि गर्ने वा वातावरण प्रदूषण नियन्त्रण वा न्यूनीकरण गर्ने कार्यमा खर्च गरी सामाजिक उत्तरदायित्व बहन गर्नु पर्ने तथा स्थानीय तहले फोहोरमैला सम्बन्धी विषयलाई विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश गर्ने व्यवस्था मिलाई सामाजिक सचेतना |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| | | अभिवृद्धि गर्नुपर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ६५ | प्रोत्साहन तथा पुरस्कार | नेपाल सरकार वा प्रदेश सरकारले फोहोरमैला व्यवस्थापनको लागि तोकेको कार्यसम्पादन सूचक मापनको आधारमा उत्कृष्ट कार्यसम्पादन गर्ने सम्बन्धित स्थानीय तह वा स्थानीय तहबाट अनुमति प्राप्त संस्था वा कम्पनीलाई प्रोत्साहन प्रदान गर्न सक्ने, स्थानीय तहले फोहोरमैला व्यवस्थापनका लागि नवीनतम उपयोगी प्रविधि वा अवधारणाको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहोरमैला व्यवस्थापन कार्यमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संस्था वा कम्पनीलाई सम्मान स्वरूप पुरस्कार दिन सक्ने व्यवस्था गरी ऐनको प्रतिकूल हुनेगरी जथाभावी फोहोरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्ति उपर प्रमाणसहित उजुरी दिने व्यक्तिलाई सम्बन्धित स्थानीय तहले सम्मान वा नगद पुरस्कार दिन सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ६६ | प्रचलित कानूनबमोजिम हुने | फोहोरमैला व्यवस्थापन सम्बन्धी विषयमा कुनै प्रचलित कानूनमा छुट्टै व्यवस्था रहेको भए सोही बमोजिम हुने व्यवस्था गरिएको छ। |
| ६७ | नियम बनाउन सक्ने | ऐनमा भएका विषय कार्यान्वयनका लागि कार्यविधिगत विषयहरु निर्धारण गर्नुपर्ने भएकोले सोको लागि नेपाल सरकारले नियम बनाउने व्यवस्था यो दफामा गरिएको छ। |
| ६८ | निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने | नेपाल सरकारले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावलीको अधीनमा रही हानिकारक, रासायनिक, पारोयुक्त औद्योगिक, तेजावजन्य, प्लास्टिकजन्य, स्वास्थ्यसंस्थाजन्य, विद्युतीय, निर्माणजन्य फोहोरमैला, घरायसी फोहोरमैला व्यवस्थापन सम्बन्धी विषय, फोहोरमैला व्यवस्थापनमा प्रयोग हुने मालसामान, कन्टेनर, उपकरण, विधि, संरचना सम्बन्धी विषय, फोहोरमैला स्थानान्तरण केन्द्र, फोहोरमैला प्रशोधन केन्द्र र स्यानिटरी ल्याण्डफिल साइट सम्बन्धी विषय तथा उत्पादकको विस्तारित जिम्मेवारी, चक्रीय अर्थतन्त्र सम्बन्धी र नेपाल सरकारले आवश्यक देखेका अन्य विषयमा मापदण्ड बनाउन सक्ने व्यवस्था गरिएको छ। नेपाल सरकारले बनाएको मापदण्डको अधीनमा रही प्रदेश वा स्थानीय तहले आवश्कताअनुसार थप मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्न वा गराउन सक्ने |

| दफा | दफा शीर्षक | टिप्पणी |
|---|---|---|
| | | व्यवस्था पनि यस दफामा गरिएको छ। |
| ६९ | खारेजी र बचाउ | फोहोरमैला व्यवस्थापन ऐन, २०६८ का व्यवस्थाहरुलाई समावेश गरी आवश्यक सुधार सहित प्रस्तुत ऐनको मस्यौदा तयार गरिएकोले यो ऐनले फोहरमैला व्यवस्थापन ऐन, २०६८ खारेज गर्ने र यसरी खारेज भए तापनि साविकको कानून बमोजिम भएको काम कारबाहीले निरन्तरता पाउने व्यवस्था गर्नु परेकोले बचाउ सम्बन्धी व्यवस्था यो दफामा गरिएको छ। |

# फोहोरमैला व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावना** : नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको भूमिका र जिम्मेवारी स्पष्ट गरी फोहोरमैलाको समुचित तथा प्रभावकारी व्यवस्थापनद्वारा स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न, मानव स्वास्थ्य तथा वातावरणमा पर्नसक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न शून्य फोहोर, जलवायु परिवर्तन न्यूनीकरण तथा कार्बन उत्सर्जन घटाउन र चक्रीय अर्थतन्त्रको अवधारणा अनुरूप फोहोरमैला व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "फोहोरमैला व्यवस्थापन ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र" भन्नाले दफा ४१ बमोजिम प्राप्त अनुमतिपत्र सम्झनुपर्छ।

(ख) "उत्पादकको विस्तारित जिम्मेवारी" भन्नाले कुनै वस्तुको जीवनचक्र समाप्त भएपछि वातावरणीय रूपमा सुरक्षित व्यवस्थापनका लागि सो वस्तुको सुरु उत्पादकले वहन गर्नुपर्ने जिम्मेवारी सम्झनुपर्छ र सो शब्दले सो वस्तुको नेपालमा रहेको मुख्य बिक्रेताको जिम्मेवारीलाई समेत जनाउँछ।

(ग) "औद्योगिक प्रतिष्ठान" भन्नाले उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानूनबमोजिम संस्थापना भएको कम्पनी, उद्योग, फर्म वा अन्य कुनै निकाय सम्झनुपर्छ।

(घ) "औद्योगिक फोहोरमैला" भन्नाले औद्योगिक प्रतिष्ठानबाट उत्सर्जन वा उत्पादन भएको हानिकारक वा प्रदूषणयुक्त फोहोरमैला सम्झनुपर्छ।

(ङ) "घरायसी फोहोरमैला" भन्नाले सर्वसाधारणको भान्सा वा घरायसी प्रयोग वा अन्य व्यवहार वा क्रियाकलापबाट घरमा उत्सर्जित वा उत्पादित फोहोरमैला सम्झनुपर्छ।

(च) "चक्रीय अर्थतन्त्र" भन्नाले स्रोत र सामग्रीलाई लामो समयसम्म प्रयोग, पुनः प्रयोग, पुनः उत्पादन तथा मर्मत गरी फोहोर र अवयवलाई न्यूनतम उत्सर्जन हुने अवस्था निर्माण गर्ने आर्थिक प्रणाली सम्झनुपर्छ।

(छ) "चक्रीय प्रयोग" भन्नाले सङ्कलित फोहोरमैलालाई कुनै प्रविधि प्रयोगगरी कच्चा पदार्थमा र उपयोगी वस्तुको रूपमा विकास गरी पुनः प्रयोगमा ल्याउने कार्य सम्झनुपर्छ।

(ज) "जोखिमपूर्ण फोहोरमैला" भन्नाले प्राकृतिक वातावरण वा पर्यावरणीय प्रणालीमा ह्रास ल्याउने, मानव तथा जीवजन्तुको स्वास्थ्यमा हानि पुऱ्याउने विभिन्न रूपमा उत्सर्जित जोखिमपूर्ण फोहोरमैला सम्झनुपर्छ र सो शब्दले पारोयुक्त फोहोरमैला वा रेडियो विकिरण उत्सर्जन गर्ने वस्तुलाई समेत जनाउँछ।

(झ) "डस्टबिन" भन्नाले फोहोरमैला सङ्कलन गर्न निश्चित ठाउँमा राखिएको फोहोरमैला राख्ने, खसाल्ने वा थुपार्ने भाँडो, बाकस, बाल्टिन वा यस्तै प्रकारको अन्य कुनै साधन सम्झनुपर्छ र सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडोलाई समेत जनाउँछ।

(ञ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(ट) "निर्माणजन्य फोहोरमैला" भन्नाले कुनै भौतिक संरचनाको नयाँ निर्माण, पुनर्निर्माण वा मर्मत संभार गर्दा वा त्यस्तो भौतिक संरचना भत्काउँदा निर्माणस्थल वा निर्माण सामग्रीबाट उत्सर्जित फोहोरमैला सम्झनुपर्छ।

(ठ) "प्रदूषण" भन्नाले फोहोरमैलाबाट निस्कने ठोस, तरल वा ग्याँस वस्तु वा त्यस्ता वस्तुको संयोजनबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा पर्ने हानि-नोक्सानी सम्झनुपर्छ।

(ड) "प्रभावित क्षेत्र" भन्नाले फोहोरमैला व्यवस्थापन स्थलको वातावरणीय अध्ययन प्रतिवेदनमा फोहोरमैला व्यवस्थापनको कारणले प्रभावित हुने भनी निर्धारण गरिएको क्षेत्र सम्झनुपर्छ।

(ढ) "प्रशोधन केन्द्र" भन्नाले स्थानान्तरण केन्द्रबाट ढुवानी भइआएको कुहिने, नकुहिने र जोखिमयुक्त फोहोरलाई त्यसको प्रकृति अनुसार मल, ग्याँस, ऊर्जा वा अन्य वस्तु उत्पादन गर्ने वा पुनः प्रयोग गर्न मिल्ने सामग्री बनाउने वा जलाउने समेतको प्रयोजनका लागि कुनै एक वा सोभन्दा बढी स्थानीय तह मिली यो ऐन वा यस ऐन अन्तर्गतको नियमावली बमोजिमको मापदण्ड पूरा गरी कुनै स्थानमा स्थापना गरेको सुविधा (फ्यासिलिटी) सम्झनुपर्छ।

(ण) "फोहोरमैला" भन्नाले तत्काल प्रयोग हुन नसक्ने भई फालिएको, खेर गएको वा सडेगलेको, वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएको ठोस, अर्ध ठोस, तरल, अर्ध तरल वा ग्याँसको रूपमा रहेको वस्तु, लेदो, धुवाँ, धुलो वा विद्युतीय उपकरणबाट उत्सर्जन भएका सामग्री वा त्यस्तै प्रकारका अन्य वस्तु सम्झनुपर्छ र सो शब्दले घरायसी फोहोरमैला, औद्योगिक फोहोरमैला, जोखिमपूर्ण फोहोरमैला, निर्माणजन्य फोहोरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाबाट उत्सर्जन हुने फोहोरमैला, अन्य हानिकारक फोहोरमैला, अनधिकृत रूपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, टाँगिएका, फालिएका वा छरिएका पर्चा, पम्प्लेट, भित्तेलेखन लगायत सबै किसिमका फोहोरमैला वा स्थानीय तहले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी फोहोरमैला भनी तोकिदिएको अन्य वस्तुलाई समेत जनाउँछ।

(त) "फोहोरमैला प्रशोधन" भन्नाले फोहोरमैलाको स्वरूप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने वा फोहोरमैलाबाट मल, ग्याँस, ऊर्जा वा अन्य वस्तु उत्पादन गरी व्यवस्थापन गर्ने प्रक्रिया सम्झनुपर्छ।

(थ) "फोहोरमैला निष्कासन" भन्नाले फोहोरमैला उत्सर्जन स्थलबाट स्थानीय तहले तोकेको स्थानमा थुपार्ने, जम्मा गर्ने वा निकाल्ने काम सम्झनुपर्छ।

(द) "फोहोरमैला न्यूनीकरण" भन्नाले कुनै विधि, प्रविधि वा उपायको प्रयोग गरी फोहोरमैलाको परिमाण, आकार वा प्रतिकूल प्रभाव कम गर्ने कार्य सम्झनुपर्छ।

(ध) "फोहोरमैला व्यवस्थापन स्थल" भन्नाले फोहोरमैला सङ्कलन गरी विभिन्न प्रयोजनको लागि स्रोतको रूपमा उपयोगका लागि व्यवस्थापन गर्ने स्थल सम्झनु पर्छ र सो शब्दले फोहोरमैला विसर्जन वा प्रशोधन गर्नको लागि स्थानीय तहले तोकेको स्यानिटरी ल्याण्डफिल साइटलाई समेत जनाउँछ।

(न) "फोहोरमैला सङ्कलन" भन्नाले फोहोरमैला उत्सर्जन स्थलबाट फोहोरमैला उठाउने, सङ्कलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहोरमैला बढार्ने, जम्मा गर्ने, थुपार्ने, झारपात उखेल्ने वा अनधिकृत रूपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट निकाल्ने तथा त्यस्तो फोहोरमैला सङ्कलन गर्ने काम सम्झनुपर्छ।

(प) "मन्त्रालय" भन्नाले नेपाल सरकारको फोहोरमैला व्यवस्थापन सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(फ) "रासायनिक फोहोरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य, जीव, जन्तु, वनस्पति वा वातावरणमा प्रतिकूल असर पार्ने कुनै पनि रासायनिक पदार्थ सम्झनुपर्छ र सो शब्दले नेपाल

सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहोरमैलाको रूपमा तोकेको अन्य ठोस, तरल, ग्याँस पदार्थलाई समेत जनाउँछ।

(ब) "विद्युतीय फोहोर" भन्नाले विद्युतीय सामग्री तथा विद्युतीय उपकरण प्रयोग पश्चात्् उत्पन्न हुने फोहोर सम्झनु पर्छ।

(भ) "विसर्जन" भन्नाले फोहोरमैलाको अन्तिम निष्कासन वा व्यवस्थापन सम्झनुपर्छ।

(म) "शून्य फोहोर" भन्नाले फोहोरमैला उत्पादनलाई अधिकतम रूपमा न्यूनीकरण गरी पुनः प्रयोग, पुनः प्रशोधन तथा स्रोतको पुनःप्राप्त (रिसोर्स रिकभरी) मार्फत अन्तिम विसर्जन हुने फोहोरलाई न्यूनतम बनाउने प्रणाली सम्झनुपर्छ।

(य) "संस्था" भन्नाले प्रचलित कानूनबमोजिम संस्थापना भएको कम्पनी वा दर्ता भएको फर्म, सहकारी संस्था, सामुदायिक वा गैरसरकारी संस्था सम्झनुपर्छ।

(र) "स्थानान्तरण केन्द्र" भन्नाले सङ्कलित फोहोरमैलालाई आवश्यक प्रशोधनका लागि प्रशोधन केन्द्रमा लैजानु अघि फोहोरमैला जम्मा गर्न स्थानीय तहले तोकेको स्थान सम्झनुपर्छ।

(ल) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिकालाई समेत जनाउँछ।

(व) "स्वास्थ्य संस्थाजन्य फोहोरमैला" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने सरकारी, सामुदायिक वा निजी अस्पताल, क्लिनिक, फार्मेसी, औषधि पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्सर्जन, उत्पादन वा निष्कासन हुने फोहोरमैला सम्झनुपर्छ।

(श) "स्यानिटरी ल्याण्डफिल साइटको बन्दपछिको व्यवस्थापन" भन्नाले फोहोरमैला व्यवस्थापन स्थलमा फोहोरमैला विसर्जन गर्न बन्द गरेपछि त्यस क्षेत्रको वातावरणीय सन्तुलन कायम राख्नको लागि गरिने विभिन्न क्रियाकलाप सम्झनुपर्छ।

(ष) "हानिकारक फोहोरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि-नोक्सानी पुर्‍याउन विभिन्न रूपमा निष्काशित वस्तु, पदार्थ वा रेडियो विकिरण सम्झनुपर्छ।

## परिच्छेद-२
## फोहोरमैला व्यवस्थापनको जिम्मेवारी, दायित्व र कर्तव्य

३. **नेपाल सरकारको जिम्मेवारी** : (१) अन्य प्रचलित कानूनमा र यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त फोहोरमैला व्यवस्थापनमा नेपाल सरकारको जिम्मेवारी देहायबमोजिम हुनेछ :-

(क) फोहोरमैला व्यवस्थापन सम्बन्धी,-

(१) आवश्यक मापदण्ड बनाई लागू गर्ने, गराउने,

(२) आवश्यकताअनुसार प्रदेश सरकार वा स्थानीय तहसँग सहकार्य र सहलगानी गर्ने,

(३) स्थानीय तहलाई आवश्यक पर्ने प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(४) प्रदेशबीच समन्वय कायम गर्ने, गराउने,

(५) वैदेशिक सहयोगको व्यवस्था र परिचालनमा समन्वय गर्ने,

(६) एकीकृत सूचना प्रणालीको विकास गरी कार्यान्वयन गर्ने वा गराउने,

(७) जग्गा उपलब्ध गराउने सन्दर्भमा आवश्यक सहयोग गर्ने, र

(८) दुई वा सोभन्दा बढी स्थानीय तहले एकीकृत रूपमा फोहोरमैला व्यवस्थापन गर्नुपर्ने भएमा त्यस्ता स्थानीय तहको एकीकृत फोहोरमैला व्यवस्थापन योजना तयार गर्ने।

(ख) राष्ट्रिय फोहोरमैला सूचना प्रणाली स्थापना सम्बन्धी,-

(१) राष्ट्रिय फोहोरमैला डाटाबेससहितको सूचना प्रणाली स्थापना गर्ने,

(२) फोहोरमैलाको सङ्कलन, ढुवानी, व्यवस्थापन समेतका विषयमा भौगोलिक सूचना प्रणाली (जिओग्राफिकल इन्फरमेसन सिस्टम (जि.आई.एस) नक्साङ्कन सहितको फोहोरमैला ट्र्याकिङ प्रणाली विकास गर्ने, र

(३) फोहोरमैलाको व्यवस्थापन वा प्रदूषणका सम्बन्धमा नागरिकले गुनासो राख्न सक्ने डिजिटल गुनासो व्यवस्थापन प्रणाली विकास गर्ने।

(ग) ग्रेडिङ, प्रोत्साहन तथा अनुदान सम्बन्धी,-

(१) फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यसम्पादनका आधारमा स्थानीय तहको ग्रेडिङ गरी सार्वजनिक गर्ने, र

(२) उच्च ग्रेडिङ हासिल गर्ने स्थानीय तहलाई नेपाल सरकारले प्रदान गर्ने अनुदानमा बढोत्तरी लगायतका प्रोत्साहन वा अन्य सुविधा प्रदान गर्ने।

(घ) शून्य फोहोर जस्ता नवीनतम तथा अत्याधुनिक अवधारणा र प्रविधिको अध्ययन, अनुसन्धान तथा शोध गराई कार्यान्वयन गर्ने वा गराउने, र

(ङ) रेडियोधर्मी पदार्थ, तेजाब, पारोयुक्त उपकरणको प्रयोगलाई निरुत्साहन गर्ने तथा प्रयोग भई काम नलाग्ने अवस्थामा रहेका तेजाब, रासायनिक पदार्थ, पारोयुक्त उपकरण तथा रेडियोधर्मी वस्तु वा त्यसबाट उत्सर्जन हुने फोहोरमैलाको व्यवस्थापन गर्ने, गराउने।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अत्यधिक फोहोरमैला उत्पादन वा उत्सर्जन गर्ने वा हानिकारक वस्तुको पैठारी, उत्पादन वा बिक्री वितरण गर्न रोक लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम रोक लगाइएको वस्तुको कसैले पैठारी, उत्पादन वा वितरण गर्नु हुँदैन।

(४) नेपाल सरकारले फोहोरमैलाको परीक्षण तथा विश्लेषणका लागि प्रयोगशाला स्थापना गर्न वा तोक्न सक्नेछ।

(५) नेपाल सरकारले फोहोरमैला व्यवस्थापनसम्बन्धी प्रविधि, लगानी, क्षमता विकास तथा अनुसन्धानका लागि अन्तर्राष्ट्रिय निकायसँग सहकार्य गर्न सक्नेछ।

४. **प्रदेश सरकारको जिम्मेवारी** : अन्य प्रचलित कानूनमा र यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त फोहोरमैला व्यवस्थापनमा प्रदेश सरकारको जिम्मेवारी देहायबमोजिम हुनेछ :-

(क) फोहोरमैला व्यवस्थापनमा सम्बन्धित स्थानीय तहहरूबीच समन्वय कायम गर्ने,

(ख) फोहोरमैला व्यवस्थापनको लागि तयार गर्नुपर्ने पूर्वाधार निर्माणका लागि स्थानीय तहसँग आवश्यकताअनुसार समन्वय तथा सहकार्य गर्ने,

(ग) फोहोरमैला व्यवस्थापन सम्बन्धी असल अभ्यासको सम्बन्धमा स्थानीय तहहरूबीच अनुभव आदान-प्रदानको व्यवस्था मिलाउने,

(घ) फोहोरमैला व्यवस्थापनको लागि आवश्यकताअनुसार नेपाल सरकार र स्थानीय तहसँग सहकार्य वा सहलगानी गर्ने,

(ङ) फोहोरमैला व्यवस्थापनमा सम्बद्ध निकाय वा संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने,

(च) दुई वा सोभन्दा बढी स्थानीय तहले एकीकृत फोहोरमैला व्यवस्थापन गर्नुपर्ने भएमा नेपाल सरकारको योजनामा दोहोरो नपर्ने गरी त्यस्ता स्थानीय तहको एकीकृत फोहोरमैला व्यवस्थापन योजना तयार गर्ने,

(छ) प्रदेशस्तरीय प्रशोधन केन्द्र विकास गर्ने, र

(ज) फोहोरमैला व्यवस्थापन सम्बन्धमा नेपाल सरकारले प्रदेश सरकारले गर्ने भनी निर्धारण गरेका अन्य काम गर्ने।

५. **<u>स्थानीय तहको जिम्मेवारी</u>** : (१) स्थानीय तहको क्षेत्रभित्र उत्सर्जित फोहोरमैला सङ्कलन, व्यवस्थापन, सोको अनुगमन तथा नियमन गरी आफ्नो क्षेत्र सफा, सुग्घर, स्वच्छ, स्वस्थ र सुन्दर राख्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि सम्बन्धित स्थानीय तहले एक्लै वा अन्य स्थानीय तहसँग सहकार्य गरी फोहोरमैलाको प्रयोग, पुनः प्रयोग, सङ्कलन, प्रशोधन, निष्कासन वा व्यवस्थापनका लागि देहायका पूर्वाधार संरचनाको तयारी, निर्माण, सञ्चालन र व्यवस्थापन गर्नु पर्नेछ :-

(क) स्थानान्तरण केन्द्र,

(ख) फोहोरमैला प्रशोधन केन्द्र, कम्पोष्ट स्थल वा ग्याँस प्लान्ट,

(ग) पुनः प्रयोग हुनसक्ने फोहोरमैला प्रशोधन केन्द्र,

(घ) स्यानिटरी ल्याण्डफिल्ड साइट वा विसर्जन स्थल, र

(ङ) नेपाल सरकारले निर्धारण गरेको मापदण्डबमोजिम एकीकृत फोहोरमैला व्यवस्थापन योजना।

(३) स्थानीय तहले उपदफा (२) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका पूर्वाधार संरचनाको तयारी, निर्माण, सञ्चालन वा व्यवस्थापनको जिम्मेवारी दफा ४१ बमोजिम अनुमतिपत्र प्राप्त संस्थालाई सुम्पन वा हस्तान्तरण गर्न सक्नेछ।

(४) स्थानीय तहमा फोहोरमैला व्यवस्थापनमा भइरहेका काम तथा तत्सम्बन्धी कुनै समस्या भएमा सोको पहिचान, आवश्यक सहजीकरण तथा सुधारका लागि पृष्ठपोषण र प्रतिवेदनसमेतका कामका लागि समुदायमा आधारित अनुगमन टोली खटाउन सकिनेछ।

(५) स्थानीय तहले जोखिमयुक्त फोहोरमैला, आगलागी, विषाक्त पदार्थ चुहावट वा त्यस्तै प्रकारको आकस्मिक अवस्थाको व्यवस्थापनको आकस्मिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ।

(६) स्थानीय तहले आफ्नो क्षेत्रभित्र प्रति घरपरिवार उत्सर्जित फोहोरमैलाको दर, सङ्कलित फोहोरमैलाको कूल परिमाण, स्रोतमा नै फोहोरमैला वर्गीकरण गरिएको दर, पुनः प्रयोग वा चक्रीय प्रयोग सम्बन्धी तथ्याङ्कसहितको विवरण प्रत्येक वर्ष सार्वजनिक गर्नु पर्नेछ।

(७) फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यसम्पादनका आधारमा स्थानीय तहले आफ्नो क्षेत्रभित्रका वडा, औद्योगिक प्रतिष्ठान वा क्लब वा स्थानीय समूहको ग्रेडिङ गरी उच्च ग्रेडिङ हासिल गर्नेलाई पुरस्कार वा अनुदान जस्ता प्रोत्साहन वा अन्य सुविधा प्रदान गर्नु पर्नेछ।

६. **सम्बन्धित वडा कार्यालयको जिम्मेवारी** : (१) आफ्नो कार्यक्षेत्रभित्र रहेका धार्मिक, ऐतिहासिक वा सांस्कृतिक सम्पदा, सार्वजनिक सडक, सार्वजनिक उद्यान, पार्क, नदी, खोला आदिको नियमित सरसफाइ गर्ने र त्यस्ता सम्पदामा उत्सर्जित फोहोरमैलाको व्यवस्थापनको छुट्टै व्यवस्था भएकोमा सोहीबमोजिम र नभएकोमा स्थानीय तहले निर्धारण गरेको मापदण्डबमोजिम त्यस्तो सम्पदा वा संरचनाको सरसफाइ गर्ने तथा सम्पदा वा संरचनामा उत्सर्जित फोहोरमैलाको नियमित व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको सम्बन्धित वडा कार्यालयको हुनेछ।

(२) वडा कार्यालयले फोहोरमैला व्यवस्थापनका लागि आफ्नो क्षेत्रभित्र जनचेतना अभिवृद्धि कार्यक्रम, मासिक सरसफाइ अभियान तथा नागरिक सहभागिता कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

७. **उत्सर्जक व्यक्ति, समूह, संस्था वा निकायको दायित्व** : (१) फोहोरमैला उत्सर्जक व्यक्ति, समूह, संस्था वा निकायको दायित्व देहायबमोजिम हुनेछ :-

(क) सम्भव भएसम्म फोहोरमैला कम उत्सर्जन हुनेगरी घरायसी व्यवहार, भान्सा प्रबन्ध गर्ने वा कुनै काम वा व्यवसाय सञ्चालन गर्ने,

(ख) पुनः प्रयोग हुनसक्ने वस्तु छुट्याई बाँकी फोहोरमैला निष्कासन गरी फोहोरमैलाको परिमाण घटाउने,

(ग) पुनः प्रयोग हुनसक्ने फोहोरमैला वा औद्योगिक कच्चा पदार्थको रूपमा प्रयोग हुने फोहोरमैलाको विसर्जन नगर्ने, पुनः प्रयोगको व्यवस्था गर्ने,

(घ) आफ्नो भवन परिसरभित्र विसर्जन हुनसक्ने फोहोरमैलाको विसर्जन सोही स्थानमा गर्ने,

**स्पष्टीकरण** : यस खण्डको प्रयोजनको लागि "भवन परिसर" भन्नाले कसैको निजी घर कम्पाउण्ड, संस्था वा निकाय, औद्योगिक प्रतिष्ठान भए औद्योगिक परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर लगायत फोहोरमैला उत्पादन गर्ने व्यक्ति, समूह, संस्था वा निकायको स्वामित्व वा नियन्त्रण वा भोगचलनमा रहेको भौतिक संरचना र त्यसको परिसर सम्झनुपर्छ।

(ङ) स्थानीय तहले निर्धारण गरेको ठाउँ बाहेक अन्यत्र फोहोरमैलाको विसर्जन नगर्ने र अरुलाई पनि अन्यत्र विसर्जन नगर्न प्रोत्साहन गर्ने,

(च) दफा ११ बमोजिम स्थानीय तहले गरेको वर्गीकरणबमोजिम फोहोरमैला निष्कासन गर्ने,

(छ) फोहोरमैला व्यवस्थापन गर्न स्थानीय तहलाई सहयोग पुऱ्याउने, र

(ज) स्थानीय तहले निर्धारण गरेका अन्य कार्य गर्ने।

(२) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पुनः प्रयोग वा पुनः प्रशोधन गर्न नसकिने उत्पादन बजारमा ल्याउने उत्पादकले प्रचलित आर्थिक ऐनबमोजिम लाग्ने वातावरणीय योगदान शुल्क समेत तिर्नु पर्नेछ।

८. **<u>जोखिमयुक्त फोहोरमैला उत्सर्जनकर्ताको दायित्व</u>** : (१) दफा ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि जोखिमपूर्ण, स्वास्थ्य संस्थाबाट उत्सर्जित वा उत्पादित, रासायनिक वा पारोयुक्त, औद्योगिक, विकिरणजन्य, विद्युतीय वा निर्माणजन्य फोहोरमैलाको उपयोग, प्रशोधन र व्यवस्थापन गर्ने दायित्व त्यस्तो फोहोरमैला उत्सर्जन गर्ने संस्था, उत्पादक वा नेपालमा रहेको मुख्य आधिकारिक बिक्रेताको हुनेछ।

(२) फोहोरमैला उत्सर्जन तथा व्यवस्थापन गर्ने व्यक्ति, संस्था वा निकायले उपदफा (१) बमोजिम फोहोरमैलाको उपयोग, प्रशोधन वा व्यवस्थापन गर्दा सो सम्बन्धमा अधिकारप्राप्त अधिकारीले कुनै मापदण्ड जारी गरेको भए त्यस्तो मापदण्ड पालना गर्नु पर्नेछ।

(३) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक अनुमतिपत्र प्राप्त संस्था वा कम्पनीले फोहोरमैला व्यवस्थापन गर्दा सामूहिक रूपमा समेत गर्न सक्नेछन्।

(४) कुनै सार्वजनिक स्थलमा कार्यक्रम गर्दा राखिएको पोष्टर, पम्प्लेट, झण्डा वा भित्तेलेखन तथा सो स्थलमा भएको फोहोरमैला हटाउने दायित्व त्यस्तो कार्यक्रम आयोजना गर्ने सम्बन्धित व्यक्ति, समूह, संस्था वा निकायको हुनेछ।

(५) यस दफाबमोजिम फोहोरमैला उपयोग वा प्रशोधन गरी बाँकी रहेको फोहोरमैलाको व्यवस्थापन गरिदिन कुनै उद्योग वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा फोहोरमैलाको प्रकृति अनुसार स्थानीय तहले निर्धारण गरेबमोजिमको सेवा शुल्क लिई त्यस्तो फोहोरमैलाको व्यवस्थापन स्थानीय तहले गर्न सक्नेछ।

(६) यस दफाबमोजिम फोहोरमैलाको उत्सर्जन वा उत्पादन गर्ने संस्था, उत्पादक वा आधिकारिक बिक्रेताले फोहोरमैलाको व्यवस्थापन नगरेमा त्यस्तो फोहोरमैला व्यवस्थापन गर्दा लागेको खर्च स्थानीय तहले सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट असुल गर्नेछ।

(७) उपदफा (१) वा (४) बमोजिम फोहोरमैलाको व्यवस्थापन नगरेमा स्थानीय तहले त्यस्तो फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, समूह, संस्था वा निकायलाई व्यवसाय वा कारोबार सञ्चालन गर्न रोक लगाउन सक्नेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय सामग्री, ब्याट्री, टायर तथा प्लास्टिकजन्य वस्तुको सम्बन्धित उत्पादक वा नेपालमा रहेको मुख्य आधिकारिक बिक्रेताले त्यस्तो वस्तुको फिर्ता सङ्कलन प्रणाली सञ्चालन गर्नु पर्नेछ।

९. **नागरिक वा सर्वसाधारणको कर्तव्य** : (१) स्थानीय तहलाई फोहोरमैला व्यवस्थापनमा सहयोग गर्नु नागरिक वा सर्वसाधारणको कर्तव्य हुनेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी नागरिक वा सर्वसाधारणले देहायको कर्तव्य पालना गर्नु पर्नेछ :-

(क) आफ्नो घर परिसर वा घर परिसर वरिपरिको फोहोरमैला व्यवस्थापन गर्ने र फोहोरमैला हुन नदिने,

(ख) घरायसी फोहोरमैलालाई दफा ११ बमोजिमको वर्गीकरण अनुसार छुट्याई राख्ने,

(ग) सार्वजनिक स्थानमा कसैले फोहोरमैला उत्सर्जन वा निष्कासन गरेमा तत्सम्बन्धी प्रमाणसहित स्थानीय तहलाई अविलम्ब सूचना दिने,

(घ) घर परिसर बाहिर रहेको बखत कुनै काम गर्दा वा कुनै उपभोग्य वस्तु उपभोग गर्दा कुनै फोहोरमैला उत्सर्जन भएमा त्यस्तो फोहोरमैला नजिकको डस्टबिनमा राख्ने, र

(ङ) फोहोरमैला व्यवस्थापन गर्न स्थानीय तहले दिएको निर्देशन पालना गर्ने।

(३) स्थानीय तहले कानून बनाई उपदफा (२) को प्रतिकूल हुने कुनै काम गर्ने व्यक्तिलाई जरिबाना गर्न सक्नेछ।

## परिच्छेद-३
## फोहोरमैलाको निष्कासन, वर्गीकरण, सङ्कलन, ढुवानी र व्यवस्थापन

१०. **फोहोरमैला निष्कासन** : (१) फोहोरमैलाको प्रकृतिअनुसार निष्कासनको समय, स्थान, तरिका र निष्कासन गर्नुपर्ने दिन स्थानीय तहले निर्धारण गरेबमोजिम हुनेछ।

(२) जोखिमयुक्त फोहोरमैला स्थानान्तरण केन्द्रमा निष्कासन गर्न पाइनेछैन।

(३) नदी, खोला, ताल, सिमसार तथा जलाधार क्षेत्रमा कुनै पनि प्रकारको फोहोर फाल्न वा विसर्जन गर्न पाइनेछैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत नदीमा मिसाएको ढलमा त्यस्तो ढल निष्कासन गर्नेले यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षभित्र व्यवस्थापन गरिसक्नु पर्नेछ।

**११. <u>फोहोरमैलाको वर्गीकरण</u>** : (१) स्थानीय तहले कानून बनाई फोहोरमैलालाई जोखिमयुक्त, कुहिने र नकुहिने वर्गीकरण गरी सो वर्गीकरण अनुसार फोहोरमैलाको स्रोतमा नै छुट्याउने व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वर्गीकरणको आधारमा छुट्याइएको फोहोरमैला स्थानीय तहले निर्धारण गरेको स्थानसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ।

(३) उपदफा (२) को प्रयोजनका लागि स्थानीय तहले आवश्यक प्रविधि, मालसामान, उपकरण, डस्टबिन उपलब्ध गराउन वा दिन सक्नेछ।

**१२. <u>फोहोरमैला सङ्कलन</u>** : (१) दफा ७ बमोजिम फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, समूह, संस्था वा निकाय आफैंले फोहोरमैलाको व्यवस्थापन गर्नु पर्नेमा बाहेक आफ्नो कार्यक्षेत्र भित्रको फोहोरमैला सङ्कलन गर्ने व्यवस्था स्थानीय तहले मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला सङ्कलन गर्ने तथा त्यस सम्बन्धी अन्य कार्यविधि सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।

**१३. <u>सार्वजनिक स्थानमा फोहोरमैला सङ्कलन</u>** : (१) स्थानीय तहले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकेका आफ्नो क्षेत्रभित्रका सार्वजनिक सडक, सार्वजनिक उद्यान, पार्क, प्रदर्शनी स्थल, सार्वजनिक यातायात, सवारी साधन बिसौनी स्थल जस्ता सार्वजनिक स्थानमा आवश्यकताअनुसार फोहोरमैला सङ्कलन गर्न बन्द ढक्कन भएको डस्टबिन राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम डस्टबिन राख्दा कुहिने, नकुहिने र जोखिमयुक्त फोहोरमैलाको अलग-अलग सङ्कलन हुने गरी डस्टबिन राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सार्वजनिक स्थानमा आवगमन वा भ्रमण गर्ने व्यक्तिले आवगमन वा भ्रमणको क्रममा कुनै किसिमको फोहोरमैला विसर्जन गर्दा नजिकको डस्टबिनमा राख्नु पर्नेछ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत यस दफाबमोजिमको डस्टबिन नराखेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र त्यस्तो डस्टबिन राख्नु पर्नेछ।

१४. **फोहोरमैलाको ढुवानी** : (१) फोहोरमैलाको स्रोत वा डस्टबिनमा जम्मा भएको फोहोरमैलालाई स्थानान्तरण केन्द्र र फोहोरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने वा गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तह वा त्यस्तो स्थानीय तहबाट अनुमतिपत्र प्राप्त संस्थाको हुनेछ।

(२) उपदफा (१) बमोजिम ढुवानी गर्ने वा गराउने प्रयोजनको लागि सम्बन्धित स्थानीय तहले तीन महिनाभित्र मापदण्ड बनाई त्यस्तो मापदण्ड पूरा गरेको कम्तीमा तीन च्याम्बर भएको सवारी साधनमार्फत गर्नु पर्नेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत उपदफा (२) बमोजिमको मापदण्ड पूरा नगरेको सवारी साधन भएमा मापदण्ड जारी भएको मितिले छ महिनाभित्र त्यस्तो मापदण्डबमोजिम सवारी साधनको स्तरीकरण (मोडिफाई) गर्नु पर्नेछ।

(४) स्थानान्तरण केन्द्रबाट प्रशोधन केन्द्र वा फोहोरमैला व्यवस्थापन स्थलसम्म तोकिए बमोजिमको अलग-अलग सवारी साधनमा ढुवानी गर्नु पर्नेछ।

(५) दफा १० बमोजिम निष्कासन गरिएको फोहोरमैला अलग-अलग ढुवानी गर्नु पर्नेछ।

१५. **फोहोरमैला व्यवस्थापन** : (१) फोहोरमैला स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहोरमैला वा सरसफाइको सिलसिलामा जम्मा भएको फोहोरमैलालाई स्थानीय तहले स्रोत सामग्रीको रूपमा प्रयोग वा अन्य किसिमले व्यवस्थापन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन हुन नसकेको फोहोरमैला व्यवस्थापनको लागि स्थानीय तहले स्यानिटरी ल्याण्डफिल साइट तोकी सो स्थानमा विसर्जन हुनेगरी व्यवस्थापन गर्नु पर्नेछ।

(३) उपदफा (१) को प्रयोजनको लागि आवश्यकताअनुसार एक भन्दा बढी स्थानीय तहले आपसमा समझदारी गरी स्यानिटरी ल्याण्डफिल साइट तोक्न सक्नेछन्।

१६. **निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापन** : (१) स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन निजी क्षेत्रद्वारा गराउँदा दफा ४१ को उपदफा (२) बमोजिम प्रतिष्पर्धाबाट छनोट भएको अनुमतिपत्र प्राप्त संस्थाबाट गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन गर्दा त्यस्तो संस्थाबाट देहायका कुनै वा सबै काम गराउन सकिनेछ :-

(क) फोहोरमैला सङ्कलन,

(ख) फोहोरमैला ढुवानी,

(ग) फोहोरमैलाको उपयोग, पुनः प्रयोग, चक्रीय प्रयोग वा प्रशोधन,

(घ) फोहोरमैला विसर्जन, वा

(ङ) स्यानिटरी ल्याण्डफिल साइटको बन्दपछिको व्यवस्थापन।

१७. **फोहोरमैला व्यवस्थापनमा सार्वजनिक-निजी साझेदारी गर्न सकिने** : (१) स्थानीय तहले फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा प्रचलित कानूनको अधीनमा रही सार्वजनिक-निजी साझेदारीको ढाँचाबमोजिम निजी क्षेत्रको कुनै कम्पनी वा संस्थासँग साझेदारी गर्न सक्नेछ।

(२) नेपाल सरकारले यस ऐन अन्तर्गत वा प्रचलित कानूनले दिएको सुविधा बाहेक सार्वजनिक-निजी साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्नका लागि आवश्यकता अनुसार साझेदारी सञ्चालन सम्भाव्यताका लागि आर्थिक सहायता (भायविलिटी ग्याप फण्डिङ्ग) प्रदान गर्न सक्नेछ।

१८. **स्वास्थ्य र औद्योगिक फोहोरमैलाको व्यवस्थापन** : (१) स्वास्थ्य वा उद्योग सम्बन्धी संस्था स्थापनाका लागि अधिकारप्राप्त निकायमा निवेदन दिनुअघि त्यस्तो संस्था सञ्चालन हुँदा उत्सर्जन वा उत्पादन हुने फोहोरमैला व्यवस्थापनको उचित प्रबन्ध गर्ने कार्ययोजना सहित सम्बन्धित स्थानीय तहमा सिफारिस प्राप्त गर्नको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्ययोजना सहितको निवेदन प्राप्त भएपछि स्थानीय तहले संस्था स्थापनाका लागि आफ्नो कानूनबमोजिम सिफारिस प्रदान गर्नेछ।

(३) उपदफा (१) बमोजिमको संस्था स्थापनाको लागि प्रचलित कानूनबमोजिम अनुमतिपत्र प्रदान गर्ने निकायले स्थानीय तहको सिफारिसलाई समेत आधार लिई अनुमतिपत्र प्रदान गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र दिँदा फोहोरमैला व्यवस्थापन सम्बन्धमा पालना गर्नुपर्ने अन्य शर्त तोक्न सक्नेछ।

(५) यो ऐन प्रारम्भ हुनुअघि स्थापना भई सञ्चालनमा रहेका स्वास्थ्य वा उद्योग सम्बन्धी संस्थाले यो ऐन प्रारम्भ भएको एक वर्षभित्र यस दफाबमोजिमको सिफारिस प्राप्त गरी संस्था स्थापनाको अनुमतिपत्र दिने निकायमा पेस गर्नु पर्नेछ।

१९. **व्यावसायिक प्रतिष्ठानमा फोहोरमैला सङ्कलन उपकरणको व्यवस्था** : कुनै वस्तु वा सेवाको व्यापार वा व्यवसाय सञ्चालन गर्ने व्यक्ति, संस्था वा निकायले व्यापार वा व्यवसाय सञ्चालन गर्ने क्रममा वा त्यस्ता व्यक्ति, संस्था वा निकायमा भ्रमण गर्ने ग्राहक वा उपभोक्ताले त्यस्ता सेवा वा वस्तु प्राप्त गर्दा वा उपभोग गर्दा उत्सर्जन हुने फोहोरमैला सङ्कलन गर्न त्यस्तो व्यक्ति, संस्था वा निकायले दफा १२ को अधीनमा रही आफ्नो प्रतिष्ठान परिसरभित्र फोहोरमैला सङ्कलन गर्नका लागि उपयुक्त डस्टबिन राख्नु पर्नेछ।

२०. **विपद्जन्य फोहोरमैला र नदीको फोहोरमैला व्यवस्थापन** : (१) विपद्को कारणले उत्सर्जन भएका फोहोरमैलाको व्यवस्थापनका लागि स्थानीय तहले कानून बनाई आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको फोहोरमैला व्यवस्थापनको लागि स्थानीय तहले नेपाल सरकार वा प्रदेश सरकारबाट आवश्यक प्राविधिक वा अन्य सहयोग माग गरेमा नेपाल सरकार वा प्रदेश सरकारले त्यस्तो सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) विपद्बाट दुई वा सो भन्दा बढी स्थानीय तहका क्षेत्र प्रभावित भएमा सम्बन्धित स्थानीय तहले आपसमा मिलेर विपद्जन्य फोहोरमैलाको व्यवस्थापन गर्न सक्नेछन् र यस प्रयोजनका लागि सम्बन्धित प्रदेश सरकारले समन्वय गर्नु पर्नेछ।

(४) आफ्नो क्षेत्रभित्रको नदीको फोहोर व्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्नुपर्नेछ।

(५) कुनै नदी दुई वा सो भन्दा बढी स्थानीय तहको क्षेत्र अन्तर्गत पर्ने रहेछ भने सम्बन्धित स्थानीय तहहरुले आपसी समन्वय र सहकार्य गरी त्यस्तो नदीको फोहोरमैला व्यवस्थापन गर्नु पर्नेछ।

(६) नदीको फोहोरमैला व्यवस्थापन वा नियमित सरसफाईको लागि स्थानीय तहले नागरिकको सहभागितामा सरसफाइ सप्ताह वा अभियान वा त्यस्तै प्रकारको रचनात्मक क्रियाकलाप सञ्चालन गर्न सक्नेछ।

२१. **सचेतना अभिवृद्धि** : (१) स्थानीय तहले फोहोरमैलाको उत्सर्जन वा उत्पादन न्यूनीकरण गर्ने, फोहोरमैला वर्गीकरण गर्ने, फोहोरमैलाको व्यवस्थापन गर्ने वा विसर्जन गर्ने काममा सर्वसाधारणको सचेतना वृद्धि गर्न स्वयंसेवक, सञ्चार माध्यम, स्थानीय क्लव, गैरसरकारी संस्था, समुदायमा आधारित संस्था वा उपभोक्ता समूह वा संस्थालाई परिचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सचेतना कार्यक्रम सञ्चालन गर्दा वा परिचालन गर्दा नागरिक, समुदाय, टोल विकास संस्था, सरोकारवालाको कर्तव्य र जिम्मेवारीको विषयमा जानकारी गराउनु पर्नेछ।

(३) स्थानीय तहले फोहोरमैला व्यवस्थापनमा नागरिकको सचेतना अभिवृद्धिको लागि विद्यालय तहमा फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणसम्बन्धी व्यावहारिक शिक्षा सम्बन्धी पाठ्यक्रम तयार गराई सो विषयमा शैक्षिक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

२२. **नवीन अवधारणा अवलम्बन गर्न सक्ने** : नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधानको लागि फोहोरमैला व्यवस्थापन सम्बन्धी उत्पादकको विस्तारित जिम्मेवारी, चक्रीय अर्थतन्त्र र ब्राण्ड अडिट जस्ता नवीन अवधारणा अवलम्बन गर्न सक्नेछन्।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "ब्रान्ड अडिट" भन्नाले प्लाष्टिकजन्य फोहोरमैला सङ्कलन तथा निरीक्षण गरेर उक्त फोहोरसँग सम्बन्धित कम्पनी, उत्पादक वा ब्रान्डको पहिचान गरी त्यस्तो ब्रान्डलाई जिम्मेवार बनाउने प्रक्रिया सम्झनुपर्छ।

२३. **प्रभावित क्षेत्रको संरक्षण** : (१) स्थानीय तहले फोहोरमैला व्यवस्थापन स्थल, प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरण संरक्षणको गुरुयोजना बनाई विभिन्न कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि स्थानीय तहले मूलतः देहायका क्षेत्रमा देहायका कार्यक्रम सञ्चालन गर्न सक्नेछ :-

(क) सडक निर्माण, विद्युत आपूर्ति, खानेपानी वितरण वा आपूर्ति, ढल निकास, सरसफाइ र वातावरण संरक्षण,

(ख) विद्यालय र स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन, र

(ग) फोहोरमैला व्यवस्थापनस्थल प्रभावित क्षेत्रका आर्थिक रूपले विपन्न तथा सामाजिकरूपले पिछडिएका वर्गको उत्थान तथा विकासका लागि आवश्यक अन्य कार्यक्रम।

(३) उपदफा (१) वा (२) बमोजिमको कार्यक्रम तर्जुमा र सञ्चालन गर्नुअघि स्थानीय तहले प्रभावित क्षेत्रका सम्बन्धित समुदायसँग परामर्श गर्नु पर्नेछ।

(४) स्थानीय तहले फोहोरमैला व्यवस्थापन गरी उत्पादन गरिएको प्राङ्गारिक मल, ऊर्जा, इन्धन वा अन्य सामग्री बिक्री गर्दा प्रभावित क्षेत्रका बासिन्दालाई सहुलियत दरमा उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ।

(५) यस ऐनबमोजिम फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य गर्दा आवश्यक पर्ने जनशक्ति आपूर्ति गर्दा प्रभावित क्षेत्रका बासिन्दालाई प्राथमिकता दिनु पर्नेछ।

(६) यस दफाबमोजिम प्रभावित क्षेत्रको लागि तर्जुमा गरिएका कार्यक्रम कार्यान्वयन गर्दा प्रभावित क्षेत्रका स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्नु पर्नेछ।

(७) फोहोरमैला व्यवस्थापन स्थलको कार्ययोजना बनाउँदा, कार्यान्वयन गर्दा वा त्यसका लागि कुनै कार्यक्रम सञ्चालन गर्दा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनबमोजिम निर्धारित मापदण्ड अनुरूप हुने गरी गर्नु पर्नेछ।

(८) यस दफाबमोजिम प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरण संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकार वा प्रदेश सरकारले स्थानीय तहलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्नु पर्नेछ।

(९) स्थानीय तहले फोहोरमैला व्यवस्थापन क्षेत्रका नागरिकको हितका लागि फोहोरमैला व्यवस्थापन विकास कोष स्थापना तथा सञ्चालन गर्नु पर्नेछ।

(१०) स्थानीय तहले फोहोरमैला व्यवस्थापनको सन्दर्भमा प्रभावित क्षेत्रमा उठ्ने विवाद समाधानका लागि स्थानीय तह र प्रभावित क्षेत्रका वासिन्दा सम्मिलित विवाद समाधान संयन्त्र स्थापना गर्न सक्नेछ।

## परिच्छेद-४
## फोहोरमैलाको उपयोग, पुनः प्रयोग तथा चक्रीय प्रयोग

२४. **फोहोरमैलाको उपयोग** : (१) दफा १२ र १३ बमोजिम सङ्कलन भएको फोहोरमैला प्रशोधन गरी सोही रूपमा प्रयोग, पुनः प्रयोग वा चक्रीय प्रयोग गर्न स्थानीय तहले आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला प्रयोगमा ल्याउँदा फोहोरमैलालाई स्रोत सामग्रीको रूपमा विकास गरी त्यसबाट सम्भव भएसम्म आर्थिक उपार्जन हुने काम गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम स्रोत सामग्रीको रूपमा विकास गर्दा फोहोरमैला प्रशोधनबाट पुनः प्रयोग हुनसक्ने वस्तु औद्योगिक प्रतिष्ठानलाई आवश्यक हुने कच्चा पदार्थको रूपमा उपयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम उपयोग वा पुनःप्रयोग वा चक्रीय प्रयोग हुन नसक्ने वस्तुलाई यस ऐनबमोजिम विसर्जन गर्नु पर्नेछ।

(५) यस दफाबमोजिम कुनै व्यक्ति, समूह, संस्था वा प्रतिष्ठान आफैंले फोहोरमैलालाई स्रोत सामग्रीको रूपमा विकास गरी गरेको आम्दानी त्यस्तो व्यक्ति, समूह, संस्था वा प्रतिष्ठानको र स्थानीय तहले गरेको आम्दानी सम्बन्धित स्थानीय तहको हुनेछ।

२५. **फोहोरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा चक्रीय प्रयोग** : (१) स्थानीय तहले फोहोरमैलाको उत्सर्जन न्यूनीकरण, पुनः प्रयोग तथा चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कानूनी व्यवस्था गरी कार्यान्वयन गर्नु पर्नेछ।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पुनः प्रयोग गर्न मिल्ने भनी तोकेको सामग्रीलाई पुनः प्रयोग गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम पुनः प्रयोग गर्न तोकेको सामग्रीको पुनः प्रयोग गर्न सम्बन्धित उत्पादक वा बिक्रेताले त्यस्तो सामग्री उपभोक्ताबाट उपयुक्त मूल्यमा खरिद गर्ने व्यवस्था गर्न सकिनेछ।

(४) स्थानीय तहले पुनः प्रयोग गर्न मिल्ने सामग्री राख्न र लिनको लागि समुदायमा आधारित फोहोर बैङ्क स्थापना गर्न सक्नेछ र त्यस्तो बैङ्कको उपयोग गर्ने व्यक्तिलाई तोकिए बमोजिम प्रोत्साहन उपलब्ध गराउन सक्नेछ।

(५) स्थानीय तहले पुनः प्रयोग तथा चक्रीय प्रयोग हुने सामग्रीको उपयोगको लागि प्रोत्साहन गर्न प्रदर्शनी कार्यक्रम आयोजना गर्न वा त्यस्तो सामग्रीको बिक्री वा कुनै तरिकाले आम्दानी हुने गरी मौलिक कार्यक्रम सञ्चालन गर्नका लागि रिसाइक्लिङ केन्द्र वा सेकेन्डरी मार्केट वा सेकेन्ड स्ट्रिट जस्ता क्रियाकलाप सञ्चालनका लागि प्रोत्साहन गर्न र त्यस्तो सञ्चालकलाई आवश्यक सेवा सुविधा प्रदान गर्न सक्नेछ।

२६. **<u>फोहोरमैलाबाट प्राङ्गारिक मल र उर्जा उत्पादन</u>** : (१) स्थानीय तह आफैंले वा अन्य स्थानीय तहसँग सहकार्य गरी यस ऐनबमोजिम सङ्कलन भएको जैविक फोहोरमैला प्रयोग गरी प्राङ्गारिक मल उत्पादन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राङ्गारिक मल उत्पादनको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले आवश्यक समन्वय र सहकार्य गर्न सक्नेछन्।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम सङ्कलन भएको फोहोरमैलाबाट प्राङ्गारिक मल, ऊर्जा, औद्योगिक वा कच्चा पदार्थ उत्पादन गर्न स्थानीय तहले निजी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ।

(४) सम्बन्धित स्थानीय तहको स्वीकृति लिई होटल, रिसोर्ट वा रेष्टुरेण्ट वा अन्य संस्थाबाट उत्सर्जन हुने फोहोरमैलाबाट त्यसको प्राङ्गारिक मल, ऊर्जा, इन्धन, औद्योगिक वा सोको कच्चा पदार्थ उत्पादन वा बजारीकरण त्यस्तो होटल, रिसोर्ट वा रेष्टुरेण्ट वा अन्य संस्था एक्लैले वा सामूहिक रूपमा गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्राङ्गारिक मल, ऊर्जा, इन्धन वा कच्चा पदार्थ उत्पादन र बजारीकरण गर्न स्थानीय तहले आवश्यक सहयोग र समन्वय गर्नु पर्नेछ।

(६) स्थानीय तहले चक्रीय अर्थतन्त्र प्रणालीलाई सहयोग पुग्ने गरी फोहोरमैलाको उपयोग र व्यवस्थापन गर्न गराउन सक्नेछ।

(७) नेपाल सरकारले उपदफा (३) बमोजिम उत्पादित ऊर्जाको तोकिएबमोजिमको न्यूनतम खरिद मूल्य अनुरुप खरिदको सुनिश्चितता गर्नेछ।

(८) फोहोरमैलाबाट उत्पादित प्राङ्गारिक मल, औद्योगिक वा कच्चा पदार्थ लगायतका अन्य उत्पादनको बजार उपलब्धताका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले विशेष प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्नेछन्।

२७. **<u>पुनः प्रयोग हुनसक्ने फोहोरमैलाको वितरण</u>** : (१) फोहोरमैलाको परिमाण घटाउने उद्देश्यले पुनः प्रयोग गर्न सकिने विद्युतीय सामग्री, फर्निचर, भाँडाकुँडा वा त्यस्तै प्रकृतिका अन्य वस्तुहरू उत्पादन गर्न र निर्माणजन्य फोहोरमैला निःशुल्क वा कम मूल्यमा हस्तान्तरण गर्नको लागि सम्बन्धित स्थानीय तहले भण्डारण गृह वा प्रदर्शन स्थल तोकी सोको व्यवस्थापन र सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्था गरिएको भण्डारण गृह वा प्रदर्शनी स्थलबाट हस्तान्तरण नभएका वस्तु उपयुक्त ढङ्गले स्यानिटरी ल्याण्डफिल साइटमा व्यवस्थापन गर्नु पर्नेछ।

२८. **<u>कर छुट तथा अन्य सुविधा</u>** : (१) फोहोरमैलाको व्यवस्थापनबाट प्राङ्गारिक मल, ऊर्जा, पुनः प्रयोग वा चक्रीय प्रयोगको व्यवस्था मिलाउने वा औद्योगिक वा अन्य कच्चा पदार्थ उत्पादन गर्ने अनुमतिपत्र प्राप्त व्यक्ति, संस्था वा निकायलाई नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले प्रचलित कानून बमोजिम कर छुट, तोकिए बमोजिम अनुदान, सहुलियतपूर्ण ऋण लगायत अन्य सुविधा उपलब्ध गराउनेछ।

(२) कुनै स्थानीय तह आफैंले फोहोरमैलाको पुनः प्रयोगको व्यवस्था मिलाएमा वा त्यसबाट ऊर्जा, इन्धन, औद्योगिक वा कच्चा पदार्थ उत्पादन गरेमा त्यस्तो स्थानीय तहलाई नेपाल सरकार वा प्रदेश सरकारले तोकिए बमोजिम अनुदान दिनेछ।

(३) पुनः प्रयोग गर्न मिल्ने सामग्रीको उपयोग गरी वस्तु उत्पादन वा प्याकेजिङ गर्ने उद्योगलाई सम्बन्धित निकायको सिफारिसमा नेपाल सरकारले प्रचलित कानून बमोजिम कर छुट लगायतको अन्य सुविधा उपलब्ध गराउन सक्नेछ।

(४) फोहोरमैला व्यवस्थापन गर्ने प्रयोजनको लागि फोहोरमैलाबाट पुनः प्रयोग गर्न छनोट गरिएको वस्तु ढुवानी गर्दा स्थानीय तहले कुनै पनि किसिमको ढुवानी, निकासी वा कवाडी कर लगाउन पाउनेछैन।

(५) फोहोरमैला पुनः प्रयोग, पुनः प्रशोधन तथा हरित प्रविधिमा आधारित उद्योग तथा फोहोरमैलालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योगलाई तोकिएबमोजिम कर छुट, सहुलियतपूर्ण ऋण तथा अन्य प्रोत्साहन उपलब्ध गराइनेछ।

## परिच्छेद-५
## <u>फोहोरमैला स्थानान्तरण केन्द्र, प्रशोधन केन्द्र तथा व्यवस्थापन स्थल</u>

२९. **<u>फोहोरमैला स्थानान्तरण केन्द्र</u>** : (१) स्थानीय तहले सङ्कलन भएको फोहोरमैलालाई प्रारम्भिक चरणमा व्यवस्थापन गर्न आफ्नो क्षेत्र भित्रको कुनै स्थानलाई यो ऐन प्रारम्भ भएको छ महिनाभित्र फोहोरमैला स्थानान्तरण केन्द्रको रूपमा तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानान्तरण केन्द्र देहायबमोजिम तोक्नु पर्नेछ :-

(क) कम्तीमा पाँच रोपनी (दुई हजार पाँच सय चवालिस वर्ग मिटर) क्षेत्रफल भएको,

(ख) भौगोलिक अवस्थितिको उपयुक्तता,

(ग) फोहोरमैला सङ्कलन हुने क्षेत्रको जनसंख्याको आधार, र

(घ) सवारी आवागमनको सहजता।

(३) उपदफा (१) बमोजिम तोकिएको स्थानमा दुर्गन्ध नआउने र वातावरण प्रदूषित नहुने तथा मानव स्वास्थ्य र पशु स्वास्थ्यलाई प्रतिकूल असर नपर्ने गरी उपयुक्त व्यवस्थापन गर्नु पर्नेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम स्थानान्तरण केन्द्र तोक्दा वातावरणीय अध्ययन गर्नु पर्नेछैन।

**३०. <u>फोहोरमैला प्रशोधन केन्द्र स्थापना र सञ्चालन</u>** : (१) कुनै एक स्थानीय तह वा एक भन्दा बढी स्थानीय तहले मिलेर फोहोरमैला व्यवस्थापनको लागि आपसमा सहकार्य गरी यो ऐन प्रारम्भ भएको छ महिनाभित्र सम्बन्धित क्षेत्रभित्रको उपयुक्त स्थानमा फोहोरमैला प्रशोधन केन्द्र स्थापना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिने प्रशोधन केन्द्रको क्षेत्रफल कम्तीमा पचास रोपनी (पच्चीस हजार चार सय चालिस वर्ग मिटर) हुनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रशोधन केन्द्रमा मेटेरियल रिकभर फ्यासिलिटी, फर्टिलाइजर प्लाण्ट, इन्सिनेरेटर प्लाण्ट र क्रसर प्लाण्ट गरी कम्तीमा चारवटा प्रशोधन प्लाण्ट हुनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको प्रशोधन केन्द्रबाट प्राप्त पदार्थलाई दफा २४ बमोजिम उपयोग गर्नु पर्नेछ।

(५) स्थानीय तहले फोहोरमैला प्रशोधन केन्द्रको स्थापना र सञ्चालन गर्न नेपाल सरकार र प्रदेश सरकारसँग प्राविधिक तथा आर्थिक सहयोग माग गर्न सक्नेछन्।

**३१. <u>फोहोरमैला व्यवस्थापन स्थल</u>** : (१) स्थानीय तहले आफ्नो क्षेत्रभित्र सङ्कलन भएको फोहोरमैला स्थानान्तरण, प्रशोधन वा अन्य तरिकाले उपयोग गरी व्यवस्थापन गर्न आवास र व्यावसायिक क्षेत्रलाई प्रतिकूल असर नपर्ने गरी उपयुक्त स्थलको व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्नको लागि स्थानीय तहको आफ्नै जग्गा नभएमा वा जग्गा भए तापनि फोहोरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नभएमा सम्बन्धित स्थानीय तहले सो प्रयोजनको लागि अर्को स्थानीय तहसँग सम्झौता गरी दुवै स्थानीय तहले लागत साझेदारी गर्नेगरी संयुक्त रूपमा फोहोरमैला व्यवस्थापन स्थल तोक्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिम फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त स्थलको छनोट हुन नसकेमा स्थानीय तहले त्यस्तो जग्गा उपलब्ध गराइदिन वा जग्गा प्राप्ति गराइदिन नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा अनुरोध गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम अनुरोध भई आएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले सम्बन्धित स्थानीय तहलाई प्रचलित कानूनबमोजिम आवश्यक जग्गा उपलब्ध गराउन वा जग्गा प्राप्त गरिदिन आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(५) स्थानीय तहले फोहोरमैला व्यवस्थापन स्थलबाट उत्सर्जित मिथेन लगायतका हरितगृह ग्यासको नियन्त्रण, सङ्कलन तथा उपयोगका लागि आवश्यक व्यवस्था गर्नु पर्नेछ।

३२. <u>फोहोरमैला व्यवस्थापन स्थल संवेदनशील क्षेत्र हुने</u> : (१) स्थानीय तहले तोकेको फोहोरमैला व्यवस्थापन स्थल वातावरणीय रूपमा संवेदनशील क्षेत्र हुनेछ।

(२) सम्बन्धित स्थानीय तहले उपदफा (१) बमोजिमको क्षेत्रमा वातावरण संरक्षण तथा उचित व्यवस्थापनका लागि घरपालुवा पशुपन्छी, जीवजन्तु तथा मानवको अनधिकृत प्रवेशमा रोक लगाउने, ढुङ्गा, गिट्टी वा बालुवा निकाल्ने कार्यमा रोक लगाउने लगायतका आवश्यक व्यवस्था गर्नु पर्नेछ।

## परिच्छेद-६
## <u>एकीकृत फोहोरमैला व्यवस्थापन सम्बन्धी</u>

३३. <u>एकीकृत फोहोरमैला व्यवस्थापन स्थल निर्धारण गर्नसक्ने</u> : (१) दुई वा सोभन्दा बढी स्थानीय तहलाई एउटै फोहोरमैला स्थानान्तरण केन्द्र, प्रशोधन केन्द्र वा व्यवस्थापन स्थल उपयुक्त हुने भएमा त्यस्ता स्थानीय तहले आपसमा समन्वय र लिखित समझदारी गरी एउटै केन्द्र वा फोहोरमैला व्यवस्थापन स्थल निर्धारण गर्न सक्नेछन्।

(२) एकभन्दा बढी स्थानीय तहको एकीकृत फोहोरमैला स्थानान्तरण केन्द्र वा प्रशोधन केन्द्र वा एकीकृत व्यवस्थापन स्थल निर्धारणको लागि त्यस्तो केन्द्र वा स्थल जिल्लाभित्र रहने भए सम्बन्धित जिल्ला समन्वय समितिले र जिल्ला बाहिर प्रदेश भित्रको अर्को जिल्लामा रहने भए नेपाल सरकार वा सम्बन्धित प्रदेश सरकारले आवश्यक समन्वय र सहजीकरण गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम दुई वा सो भन्दा बढी स्थानीय तहले एकीकृत रूपमा फोहोरमैला व्यवस्थापन गर्ने प्रयोजनका लागि निर्वाह गर्नुपर्ने भूमिका र जिम्मेवारी तथा बहन गर्नुपर्ने दायित्व सम्बन्धमा सम्बन्धित स्थानीय तहहरूले लिखित समझदारी गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लिखित समझदारी गर्दा फोहोरमैला व्यवस्थापन र सञ्चालन खर्च समेत फोहोरमैलाको परिमाणको अनुपातमा व्यहोर्ने गरी गर्नु पर्नेछ।

(५) यस दफाबमोजिम निर्धारण भएको स्थानान्तरण केन्द्र, प्रशोधन केन्द्र वा फोहोरमैला व्यवस्थापन स्थल सञ्चालनका लागि स्थानीय प्रशासनको सहयोग आवश्यक भएमा सम्बन्धित स्थानीय तहले प्रमुख जिल्ला अधिकारीसमक्ष अनुरोध गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम अनुरोध भई आएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले सम्बन्धित स्थानीय तहलाई आवश्यक सहयोग गर्नु पर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एकीकृत फोहोरमैला व्यवस्थापन स्थलको सञ्चालन तथा व्यवस्थापन सबैभन्दा धेरै फोहोरमैला उत्सर्जन गर्ने स्थानीय तहले गर्नेछ।

(८) एकीकृत फोहोरमैला व्यवस्थापन स्थल रहेको स्थानीय तहलाई अन्य सम्बन्धित स्थानीय तहले फोहोरमैला व्यवस्थापन स्थलको प्रयोगबापत फोहोरमैला उत्सर्जनको परिमाणको आधारमा वार्षिकरूपमा तोकिए बमोजिमको शुल्क तिर्नु पर्नेछ।

३४. **<u>कार्यकारी समितिको गठन :</u>** (१) दुई वा सो भन्दा बढी स्थानीय तहको एकीकृत फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य गर्न देहायको कार्यकारी समिति रहनेछ :-

(क) सबैभन्दा बढी फोहोरमैला उत्सर्जन गर्ने स्थानीय तहको प्रमुख वा अध्यक्ष - अध्यक्ष

(ख) सम्बन्धित स्थानीय तहका प्रमुख वा अध्यक्ष - सदस्य

(ग) प्रमुख जिल्ला अधिकारी - सदस्य

(घ) सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) फोहोरमैला व्यवस्थापनको क्षेत्रमा कार्य अनुभव भएको विज्ञ दुईजना - सदस्य

(च) सबैभन्दा बढी फोहोरमैला उत्सर्जन गर्ने स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमका सदस्यको मनोनयन उपदफा (१) बमोजिमको कार्यकारी समितिले गर्नेछ।

(३) उपदफा (२) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजको कार्यसम्पादन सन्तोषजनक नभएमा कार्यकारी समितिले पदावधि सकिनु अगावै पदबाट हटाउन सक्नेछ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

३५. **कार्यकारी समितिको काम, कर्तव्य र अधिकार** : एकीकृत फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य गर्न गठित कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) एकीकृत फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्ययोजना तयार गरी स्वीकृत गर्ने,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा सम्बन्धित स्थानीय तहबाट प्राप्त एकीकृत फोहोरमैला व्यवस्थापन सम्बन्धी योजना आवश्यकतानुसार परिमार्जन गरी स्वीकृत गर्ने,

(ग) एकीकृत फोहोरमैला व्यवस्थापन सम्बन्धमा आवश्यकतानुसार फोहोरमैला स्थानान्तरण केन्द्र, प्रशोधन केन्द्र वा फोहोरमैला व्यवस्थापन स्थलका लागि प्रचलित कानूनबमोजिम जग्गा व्यवस्थापन गर्ने,

(घ) एकीकृत फोहोरमैला व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण, सञ्चालन र व्यवस्थापनका लागि प्रचलित कानूनबमोजिम खरिद कारबाही गर्ने,

(ङ) सम्बन्धित स्थानीय तहबाट उत्सर्जित फोहोरमैलाको परिमाणको अनुपातमा त्यस्तो फोहोरमैलाको व्यवस्थापन खर्च व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्ने,

(च) एकीकृत फोहोरमैला व्यवस्थापनका सम्बन्धमा उठेका सवाल र गुनासो व्यवस्थापन गर्ने,

(छ) फोहोरमैलाको सङ्कलन, स्थानान्तरण, प्रशोधन तथा फोहोरमैला व्यवस्थापन स्थलको अनुगमन गर्ने र आवश्यकतानुसार निर्देशन दिने, र

(ज) नेपाल सरकारले तोकेका अन्य कार्य गर्ने।

३६. **कार्यकारी समितिको बैठक र निर्णय** : (१) कार्यकारी समितिको बैठक महिनामा कम्तीमा एक पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) कार्यकारी समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूहरूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) कार्यकारी समितिको सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) कार्यकारी समितिको बैठकको निर्णय सामान्यतया सहमतिको आधारमा हुनेछ। त्यसरी सहमति हुन नसकेमा बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) समितिले आवश्यकतानुसार फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित व्यक्ति वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) समितिको प्रत्येक बैठकमा उपस्थित सदस्यहरूको नाम, छलफल भएका विषयवस्तु तथा बैठकमा भएका निर्णयहरू एउटा छुट्टै निर्णय पुस्तिकामा लेखी उपस्थित सदस्यहरूको दस्तखत गराई राख्नु पर्नेछ।

(७) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद-७
## प्रदूषण नियन्त्रण, रासायानिक तथा जोखिमपूर्ण फोहोरमैला व्यवस्थापन

३७. **प्रदूषण नियन्त्रण** : (१) सङ्कलित फोहोरमैला प्रदूषणरहित ढङ्गले व्यवस्थापन गरी स्थानीय तहको क्षेत्र सफा, सुग्घर, स्वच्छ, स्वस्थ र सुन्दर राख्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(२) उपदफा (१) बमोजिमको जिम्मेवारी पूरा गर्न र सङ्कलित फोहोरमैला निष्कासन तथा व्यवस्थापन गर्न स्थानीय तहले यस ऐनको अधीनमा रही आफ्नो कानूनमा व्यवस्था गरी सो कानूनबमोजिम नियमन, निर्देशन र नियन्त्रण गर्न सक्नेछ।

३८. **वातावरणीय प्रदूषण हुने गरी फोहोरमैला जलाउन नहुने** : वातावरणीय प्रदूषण हुने गरी फोहोरमैला जलाउन हुँदैन।

तर सहप्रशोधन, ऊर्जा उत्पादन तथा अन्य प्रयोजनका लागि नेपाल सरकारले स्वीकृत गरेको विधि तथा मापदण्डबमोजिम फोहोरमैला जलाउन बाधा पर्नेछैन।

३९. **रासायनिक पदार्थ वा विषादी पैठारी र नष्ट गर्नुपर्ने** : (१) फोहोरमैला उत्पादन गर्ने रासायनिक पदार्थ वा विषादीको पैठारी गर्दा प्रचलित मापदण्डबमोजिम गर्नु पर्नेछ।

(२) समयावधि सकिएको रासायनिक पदार्थ वा विषादी प्रचलित मापदण्डको अधीनमा रही सम्बन्धित उत्पादक वा पैठारीकर्ताले सुरक्षित तवरले नष्ट गर्नु पर्नेछ।

(३) इन्सिनिरेटरमा जलाएर नष्ट गर्नुपर्ने फोहोरमैला भएमा सम्बन्धित उत्पादक कम्पनी आफैंले नष्ट गर्नु पर्नेछ।

४०. **जोखिमपूर्ण फोहोरमैलाको विसर्जन** : (१) दफा ३९ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको रासायनिक पदार्थ, विषादी, विकिरणयुक्त वस्तु वा कुनै विद्युतीय सामग्री सम्बन्धित उत्पादक वा मुख्य आधिकारिक बिक्रेता आफैंले नष्ट वा विसर्जन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्बन्धित उत्पादक वा मुख्य आधिकारिक बिक्रेताले फोहोरमैला आफैं नष्ट वा विसर्जन गर्न नसक्ने भएमा त्यस्तो फोहोरमैला नष्ट वा विसर्जन गर्नको लागि स्थानीय तहसमक्ष अनुरोध गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुरोध भएमा स्थानीय तहले निर्धारण गरेको दस्तुर लिई त्यस्तो फोहोरमैला नष्ट वा विसर्जन गर्नु पर्नेछ।

(४) उपदफा (१) र (३) बमोजिम जोखिमपूर्ण फोहोरमैला नष्ट वा विसर्जन गर्दा वातावरणमा प्रतिकूल असर नपर्ने गरी त्यस्तो पदार्थ, वस्तु वा सामग्रीको प्रकृतिको आधारमा छुट्टाछुट्टै नष्ट वा विसर्जन गर्नु पर्नेछ।

## परिच्छेद-८
## फोहोरमैला नियमन र नियन्त्रण

४१. **अनुमतिपत्र लिनुपर्ने** : (१) स्थानीय तहमा फोहोरमैला व्यवस्थापन गर्न चाहने संस्थाले सम्बन्धित स्थानीय तहको कानूनबमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र प्राप्त संस्थाबाट प्रस्ताव सहितको आशयपत्र आह्वान गरी खुला प्रतिस्पर्धाबाट स्थानीय तहले संस्था छनोट गरी फोहोरमैला व्यवस्थापन गर्न जिम्मा दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम फोहोरमैला व्यवस्थापकको छनोट गर्दा देहायका आधारमा गर्नु पर्नेछ :-

(क) स्थानीय तहबाट प्राप्त गर्ने फोहोरमैलालाई स्रोतको रूपमा प्रयोग गरी आय आर्जन गर्ने कार्ययोजना,

(ख) फोहोरमैलाबाट ऊर्जा, इन्धन, प्राङ्गारिक मल वा कच्चा पदार्थ उत्पादन गर्ने भए त्यस्तो उत्पादन गर्ने प्राविधिक, वित्तीय र जनशक्तिको क्षमता,

(ग) फोहोरमैला व्यवस्थापन गर्न आवश्यक आर्थिक तथा प्राविधिक क्षमता र त्यसको स्रोत,

(घ) फोहोरमैला व्यवस्थापनमा अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपना तथा वातावरणीय दुष्प्रभाव न्यूनीकरण कार्ययोजना, र

(ङ) स्थानीय तहलाई बुझाउन कबुल गरेको रकम वा स्थानीय तहले व्यहोर्न प्रस्ताव गरेको रकम।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिम फोहोरमैला व्यवस्थापकको छनोट गर्ने प्रयोजनको लागि आशयपत्रको मूल्याङ्कन गर्दा प्राविधिक पक्षलाई ग्राह्यता दिनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम छनोट भएको संस्थासँग स्थानीय तहले फोहोरमैला व्यवस्थापन सम्झौता गरी अनुमतिपत्र प्रदान गर्नेछ।

(६) उपदफा (५) बमोजिम गरिने सम्झौतामा आवश्यकता अनुसारका विषय र शर्तहरू उल्लेख गर्न सकिनेछ।

(७) यस दफाबमोजिम दिइएको अनुमतिपत्रको अवधि पाँच वर्षको हुनेछ। त्यस्तो अनुमतिपत्रको नवीकरण गर्दा वातावरणीय मापदण्डको पालना, कार्यसम्पादन, सेवा गुणस्तर तथा कानूनी दायित्वको अनुपालनलाई आधार मानिनेछ।

(८) यस दफाबमोजिम फोहोरमैला व्यवस्थापनको जिम्मा पाएको अनुमतिपत्र प्राप्त संस्थाले स्थानीय तहसँग गरेको सम्झौताको अधीनमा रही सम्बन्धित स्थानीय तहबाट फोहोरमैला सङ्कलन गर्न र फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, समूह, औद्योगिक प्रतिष्ठान, स्वास्थ्य संस्था वा यस्तै प्रकृतिका अन्य संस्थाबाट दफा ४३ बमोजिम सेवा शुल्क उठाउन सक्नेछ।

(९) उपदफा (८) बमोजिम शुल्क उठाउँदा फोहोरमैलाको परिमाण र प्रकृतिको आधारमा स्थानीय तहले निर्धारण गरेबमोजिमको शुल्क लिन सकिनेछ।

(१०) अनुमतिपत्र तथा सम्झौता सम्बन्धी अन्य व्यवस्था सार्वजनिक-निजी साझेदारी सम्बन्धी प्रचलित कानूनबमोजिम हुनेछ।

४२. **फोहोरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालनको स्वीकृति** : (१) फोहोरमैला व्यवस्थापनका लागि अनुमतिपत्र प्राप्त संस्थाले फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न वा दफा २४ बमोजिम फोहोरमैलाको उपयोग गर्न स्वीकृति माग गरेमा वातावरण सम्बन्धी र अन्य प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि सम्बन्धित स्थानीय तहले स्वीकृति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल निर्माण गर्न स्वीकृति प्राप्त संस्थालाई आवश्यक जग्गाको व्यवस्थापनको लागि स्थानीय तहले आवश्यक सहजीकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जग्गाको व्यवस्थापन गर्नु पर्ने भएमा स्थानीय तहले मन्त्रालय वा प्रदेश सरकारको फोहोरमैला सम्बन्धी विषय हेर्ने सम्बन्धित मन्त्रालयलाई अनुरोध गर्न सक्नेछ र यसरी अनुरोध भई आएमा मन्त्रालय वा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले जग्गा उपलब्ध गराउन आवश्यक सहयोग गर्नु पर्नेछ।

४३. **सेवा शुल्क** : (१) स्थानीय तहले कानूनबमोजिम फोहोरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क निर्धारण गर्दा फोहोरमैलाको परिमाण, तौल तथा प्रकृतिको आधारमा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम शुल्क निर्धारण गर्दा घरायसी फोहोरमैला उत्सर्जन गर्ने व्यक्तिलाई र व्यवसाय सञ्चालनबाट फोहोरमैला उत्सर्जन वा उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायलाई फरक हुनेगरी निर्धारण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको शुल्क सम्बन्धित स्थानीय तह आफैंले वा अनुमतिपत्र प्राप्त कुनै संस्था मार्फत उठाउन सक्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय कानूनले तोकेका विपन्न वर्गलाई सेवा शुल्कमा छुट दिन सक्नेछ।

(६) स्थानीय तहले यस दफाबमोजिम सेवा शुल्कबाट प्राप्त हुने आम्दानी वा फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनमा खर्च गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम स्थानीय तहले वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनमा खर्च गरी बाँकी रकमको सत्तरी प्रतिशत रकम फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रका बासिन्दाको सामाजिक विकासमा खर्च गर्नु पर्नेछ।

४४. **सेवा रोक्का वा अन्त्य** : (१) स्थानीय तहले दफा ७ बमोजिमको दायित्व पूरा नगर्ने, दफा ८ बमोजिम जोखिमयुक्त फोहोरमैला व्यवस्थापन नगर्ने, दफा ११ बमोजिम फोहोरमैला वर्गीकरण नगर्ने वा दफा ४३ बमोजिमको सेवा शुल्क नबुझाउने व्यक्ति, संस्था वा निकायको फोहोरमैला व्यवस्थापन सम्बन्धी सेवा रोक्का वा अन्त्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा रोक्का वा अन्त्य गरेकोमा फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, संस्था वा निकायले उत्सर्जन गरेको फोहोरमैलाको व्यवस्थापन तोकिएको मापदण्डबमोजिम त्यस्तो व्यक्ति, संस्था वा निकाय आफैंले गर्नु पर्नेछ।

(३) स्थानीय तहले उपदफा (१) बमोजिम सेवा रोक्का वा अन्त्य गरेमा सोको जानकारी अनुमतिपत्र प्राप्त संस्थालाई दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम सेवा रोक्का वा अन्त्य भएकोमा सम्बन्धित व्यक्ति, संस्था, व्यवसायी वा सेवाग्राहीले फोहोरमैला छुट्याएर मात्र निष्कासन गर्ने प्रतिवद्धता गरेमा वा दफा ४३ बमोजिम बुझाउनुपर्ने बाँकी सेवा शुल्क एकमुष्ट बुझाएमा सम्बन्धित स्थानीय तहले निजलाई पुनः सेवा प्रदान गर्नु पर्नेछ।

४५. **विवरण अद्यावधिक गर्नुपर्ने** : (१) स्थानीय तहले आफ्नो क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापनमा काम गर्ने संस्थाको विवरण अद्यावधिक राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरणमा त्यस्तो संस्थाले काम गरिरहेको क्षेत्र र प्रकृति, जनशक्ति, आर्थिक तथा प्राविधिक स्रोत तथा स्थानीय तहले तोकेको अन्य विवरणसमेत समावेश गर्नु पर्नेछ।

४६. **<u>फोहोरमैला उत्सर्जन गर्ने वस्तुको नियन्त्रण</u>** : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा कम गुणस्तरको प्लाष्टिक झोला वा प्लाष्टिकजन्य त्यस्तै वस्तु वा फोहोरमैला उत्सर्जन गर्ने अन्य वस्तुको स्थानीय तहको क्षेत्रभित्र उत्पादन, पैठारी, बिक्री वितरण वा प्रयोग गर्न रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक लगाएका वस्तुको उत्पादन, पैठारी, बिक्री वितरण वा प्रयोगका लागि राखिएमा सम्बन्धित स्थानीय तहले त्यस्तो वस्तु जुनसुकै बखत जफत गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम जफत गरिएका वस्तुको व्यवस्थापन वा विसर्जन सम्बन्धित स्थानीय तहले गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम व्यवस्थापन वा विसर्जन गर्दा लागेको लागत सम्बन्धित व्यक्ति वा संस्थाबाट असुल गर्नु पर्नेछ।

(५) स्थानीय तहले एकपटक मात्र प्रयोग हुने प्लास्टिकजन्य वस्तुको चरणबद्ध नियन्त्रण तथा प्रतिबन्धका लागि समयसीमा सहितको कार्ययोजना लागु गर्नु पर्नेछ।

## परिच्छेद-९
## <u>फोहोरमैला व्यवस्थापनको अनुगमन</u>

४७. **<u>नियमित अनुगमन गर्नु, गराउनु पर्ने</u>** : (१) स्थानीय तहले फोहोरमैला व्यवस्थापन, विसर्जन वा निष्कासन कार्यको नियमित अनुगमन गर्ने, गराउने व्यवस्था गर्नु पर्नेछ।

(२) स्थानीय तहले आफ्नो क्षेत्रभित्रका आवासीय भवन, व्यावसायिक प्रतिष्ठान, सरकारी, गैरसरकारी वा निजी कार्यालय, शिक्षण संस्था वा यस्तै प्रकृतिका अन्य संस्थाको परिसरमा नियमित रूपमा देहायका विषयमा अनुगमन गर्नु पर्नेछ :-

(क) त्यस्ता भवन, प्रतिष्ठान, कार्यालय वा शिक्षण संस्थाको परिसरमा यस ऐनबमोजिम फोहोरमैला व्यवस्थापन गरे वा नगरेको,

(ख) त्यस्ता भवन, प्रतिष्ठान, कार्यालय वा शिक्षण संस्थामा दफा ११ बमोजिम फोहोरमैला छुट्याउने व्यवस्था भए वा नभएको, र

(ग) त्यस्ता भवन, प्रतिष्ठान, कार्यालय वा शिक्षण संस्थामा उपयुक्त डस्टबिन राखिएको वा नराखिएको।

(३) उपदफा (१) र (२) को प्रयोजनका लागि स्थानीय तहले अनुगमनको कार्ययोजना बनाई आवश्यक सङ्ख्यामा अनुगमनकर्ता खटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम खटिने अनुगमनकर्ताले अनुगमन गरी सोको प्रतिवेदन सम्बन्धित स्थानीय तहमा दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदनमा औंल्याइएका विषयमा सुधार गर्न स्थानीय तहले निर्देशन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त निर्देशन पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

४८. **अनुमतिपत्र प्राप्त संस्था वा कम्पनीको काम, कारबाहीको अनुगमन** : (१) अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्र बमोजिम फोहोरमैलाको व्यवस्थापन गर्दा वा सो सम्बन्धी संयन्त्रको निर्माण वा सञ्चालन गर्दा यो ऐन, वातावरण सम्बन्धी प्रचलित कानून, वातावरणीय अध्ययन प्रतिवेदन वा यस ऐनबमोजिम जारी गरिएको मापदण्ड पालना गरे नगरेको सम्बन्धमा स्थानीय तहले अनुगमनकर्ता खटाई अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा यो ऐन, वातावरण सम्बन्धी प्रचलित कानून, वातावरणीय अध्ययन प्रतिवेदन वा यस ऐनबमोजिम जारी गरिएको अनुमतिपत्र वा मापदण्डको पालना गरेको नपाइएमा सोको पालनाको लागि आवश्यक व्यवस्था गर्न स्थानीय तहले अवधि तोकी निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निर्देशन दिएकोमा त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ।

(४) उपदफा (२) बमोजिमको अवधिमा पनि निर्देशन पालना नगरेमा त्यस्तो संस्थासँग गरेको सम्झौता स्थानीय तहले रद्द गर्न सक्नेछ।

तर सम्झौता रद्द गर्नुअघि त्यस्तो संस्था वा कम्पनीलाई सफाइ पेस गर्ने मनासिब मौका प्रदान गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम संस्था वा कम्पनीले तोकिएको समयावधिभित्र स्पष्टीकरण नदिएमा वा स्पष्टीकरण चित्त बुझ्दो नभएमा स्थानीय तहले सम्झौता रद्द गर्न सक्नेछ।

(६) उपदफा (४) वा (५) बमोजिम स्थानीय तहले सम्झौता रद्द गरेमा अनुमतिपत्र स्वतः रद्द हुनेछ।

४९. **नियमनकारी निकायले अनुगमन गर्नुपर्ने** : (१) प्रचलित कानूनबमोजिम कुनै व्यवसाय वा सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने वा त्यस्तो व्यवसाय वा सेवाको नियमन गर्ने नियमनकारी निकायले त्यस्तो व्यवसाय वा सेवा सञ्चालन गर्ने प्रतिष्ठानमा अनुगमन वा निरीक्षणको सिलसिलामा भ्रमण गर्दा

त्यस्तो प्रतिष्ठानले यस ऐनबमोजिम फोहोरमैला व्यवस्थापन गरे वा नगरेको विषयमा समेत अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन वा निरीक्षण गर्दा यस ऐनबमोजिम फोहोरमैलाको व्यवस्थापन गरेको नदेखिएमा त्यस्तो व्यवसाय वा प्रतिष्ठानलाई सो सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित व्यवसाय वा प्रतिष्ठानको कर्तव्य हुनेछ।

## परिच्छेद-१०

## समन्वय तथा अन्तरसम्बन्ध

५०. **समन्वय तथा अन्तरसम्बन्ध कायम गर्ने** : (१) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिमको शहरी विकास सम्बन्धी विषयगत समितिले फोहोरमैला व्यवस्थापन सम्बन्धी योजना, नीति, कानूनमा तथा तीन तहका बीच आवश्यक समन्वय र अन्तरसम्बन्ध कायम गर्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिले सो उपदफाको प्रयोजनका लागि देहायबमोजिमका कार्य सम्पादन गर्नेछ :-

(क) फोहोरमैला व्यवस्थापनमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको भूमिका निर्धारण गर्ने,

(ख) फोहोरमैला व्यवस्थापन कार्यसँग सम्वद्ध निकायहरूबीच समन्वयका लागि आवश्यक व्यवस्था मिलाउने,

(ग) एकीकृत रूपमा फोहोरमैला व्यवस्थापन गर्न सम्बन्धित निकाय वा स्थानीय तहले लगानी गर्नु पर्ने अवस्थामा लगानी गर्नुपर्ने रकमको सम्बन्धमा मापदण्ड निर्धारण गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) मा उल्लिखित कामका अतिरिक्त समन्वय र अन्तरसम्बन्धका लागि आवश्यक अन्य काम गर्ने, गराउने।

५१. **दोहोरो नपर्नेगरी फोहोरमैला व्यवस्थापन गर्नुपर्ने** : (१) यस ऐनबमोजिम एउटै स्थानको फोहोरमैला व्यवस्थापन गर्दा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले दोहोरो नपर्नेगरी गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका सम्बन्धित निकायले आवश्यक समन्वय गर्नु पर्नेछ।

५२. **नेपाल सरकार वा प्रदेश सरकारले निर्देशन दिनसक्ने** : (१) नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकायले यो ऐन तथा अन्य प्रचलित कानूनबमोजिमको मापदण्ड अनुरूप फोहोरमैलाको व्यवस्थापनका लागि स्थानीय तहलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालना गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

## परिच्छेद-११
## कसुर र सजाय

**५३. कसुर** : कसैले देहायको कुनै काम गरेमा यस ऐनबमोजिम कसुर गरेको मानिनेछ :-

(क) सार्वजनिक स्थानमा राखिएको डस्टबिन तोडफोड गरेमा, क्षति पुऱ्याएमा, राखिएको स्थानबाट हटाएमा वा कुनै नोक्सानी पुऱ्याएमा,

(ख) यस ऐन विपरीत हुनेगरी व्यावसायिक रूपमा फोहोरमैला व्यवस्थापनको काम गरेमा,

(ग) अनुमतिपत्र प्राप्त नगरी कुनै व्यक्ति वा संस्थाले फोहोरमैलाको व्यवस्थापन गरेमा वा फोहोरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लिखित शर्तहरू उल्लङ्घन गरेमा,

(घ) डस्टबिन वा फोहोरमैला थुपार्ने ठाउँमा कुनै किसिमको हानिकारक पदार्थ फालेमा, राखेमा वा जम्मा गरेमा,

(ङ) घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राखेमा, गाडेमा, फालेमा वा थुपारेमा वा जलाएमा,

(च) फोहोरमैलाबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर कम्पाउण्ड, जग्गा प्रदूषित बनाएमा वा सार्वजनिक ठाउँमा आवागमनमा बाधा अवरोध पुऱ्याएमा,

(छ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाइ तथा फोहोरमैला सङ्कलन गर्न स्थानीय तहले तोकेको समय वा सफाइ गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै किसिमको सवारी साधन रोकी राखेमा वा रोकी राखेको सवारी साधन हटाउन इन्कार गरेमा,

(ज) स्थानीय तहले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक वा संवेदनशील स्थानमा कुनै किसिमको जोखिमपूर्ण फोहोरमैला राखेमा, फालेमा, थुपारेमा वा निष्कासन गरेमा,

(झ) रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, पारोयुक्त फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, विद्युतीय उपकरण सम्बन्धी जोखिमपूर्ण फोहोरमैला वा

निर्माणजन्य फोहोरमैला स्थानीय तहले तोकेको ठाउँमा बाहेक अन्यत्र फालेमा, राखेमा, निष्कासन गरे वा गराएमा,

(ञ) फोहोरमैला सङ्कलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापन वा विसर्जनमा कुनै किसिमले बाधा अवरोध सृजना गरेमा,

(ट) फोहोरमैला सङ्कलन, ढुवानी वा अन्तिम निष्कासन स्थलमा अवरोध, बन्द, घेराउ गरेमा वा फोहोरमैला व्यवस्थापन सम्बन्धी काममा हडताल गरेमा,

(ठ) मरेको वा मारेको पशुपन्छी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राखेमा, फालेमा वा थुपारेमा,

(ड) दफा ३ को उपदफा (२) बमोजिम रोक लगाएको कुनै वस्तुको पैठारी, उत्पादन वा बिक्री वितरण गरेमा,

(ढ) दफा ८ को उपदफा (४) बमोजिम सार्वजनिक स्थलमा राखिएको पोष्टर, पम्प्लेट, पर्चा, भित्तेलेखन वा झण्डा नहटाएमा,

(ण) दफा १० विपरीत फोहोरमैला निष्कासन गरेमा,

(त) फोहोरमैला उत्सर्जन गर्ने व्यक्तिले दफा ११ विपरीत स्रोतमा नै फोहोरमैला नछुट्याई फोहोरमैला मिसाएर निष्कासन गरेमा,

(थ) फोहोरमैला उत्सर्जन गर्ने संस्था वा निकायले दफा ११ विपरीत स्रोतमा नै फोहोरमैला नछुट्याई निष्कासन गरेमा,

(द) दफा १३ को उपदफा (३) बमोजिम फोहोरमैला उपयुक्त डस्टबिन नराखेमा,

(ध) दफा ३९ को उपदफा (१) विपरीत रासायनिक पदार्थ वा विषादीको पैठारी गरेमा,

(न) दफा ३९ को उपदफा (२) विपरीत समयावधि सकिएको रासायनिक पदार्थ वा विषादी नष्ट गर्ने जिम्मेवारी पूरा नगरेमा,

(प) दफा ४० बमोजिम जोखिमपूर्ण फोहोरमैलाको विसर्जन नगरेमा,

(फ) दफा ४७ को उपदफा (५) बमोजिमको निर्देशन पालना नगरेमा।

५४. **<u>सजाय</u>** : (१) स्थानीय तहले दफा ५३ को देहायको कसुर गर्ने व्यक्तिलाई देहायबमोजिम सजाय गर्न सक्नेछ :-

(क) खण्ड (छ) बमोजिमको कसुर गर्नेलाई एक हजार रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म जरिबाना गर्ने,

(ख) खण्ड (क) बमोजिमको कसुर गर्नेलाई पन्ध्र हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिबाना गरी डस्टबिन व्यवस्थापन गर्न लाग्ने खर्च असुल गर्ने,

(ग) खण्ड (ख) वा (ग) बमोजिमको कसुर गर्नेलाई पन्ध्रहजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिबाना गरी अनुमतिपत्र नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउने,

(घ) खण्ड (घ) बमोजिमको कसुर गर्नेलाई पाँच हजार रूपैयाँदेखि पन्ध्र हजार रूपैयाँसम्म जरिबाना गर्ने र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए क्षति वापतको रकम समेत कसुरदारबाट असुल गर्ने,

(ङ) खण्ड (द) बमोजिमको कसुर गर्ने व्यक्तिलाई पहिलो पटक भए पाँचहजार रूपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसुर गरेमा पाँच हजार रूपैयाँदेखि दश हजार रूपैयाँसम्म जरिबाना र सोही कसुर तेस्रो पटक वा सोभन्दा बढी गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रूपैयाँका दरले जरिबाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट भराउने,

(च) खण्ड (ङ) वा (च) वा (ठ) बमोजिमको कसुर गर्नेलाई पाँच हजार रूपैयाँदेखि पन्ध्र हजार रूपैयाँसम्म जरिबाना गर्ने,

(छ) खण्ड (ज) बमोजिमको कसुर गर्नेलाई तीस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिबाना गर्ने,

(ज) खण्ड (झ) वा (न) बमोजिमको कसुर गर्नेलाई पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना गर्ने र सोही कसुर पुनः गरेमा पहिलो पटक गरेको जरिबानाको दोब्बर जरिबाना गरी कानूनबमोजिम अनुमतिपत्र रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(झ) खण्ड (ण) वा (त) बमोजिमको कसुर गर्नेलाई प्रत्येक पटक पाँच सय रूपैयाँ जरिबाना गर्ने,

(ञ) खण्ड (थ) र (फ) बमोजिमको कसुर गर्नेलाई प्रत्येक पटक पचास हजार रूपैयाँसम्म जरिबाना गर्ने,

(ट) खण्ड (ढ) बमोजिमको कसुर गर्नेलाई पचास हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिबाना गर्ने,

(ठ) खण्ड (प) बमोजिमको कसूर गर्नेलाई दश लाख सम्म जरिवाना गरी विसर्जन गर्न लाग्ने खर्च समेत कसुरदारबाट असुल गर्ने।

(२) दफा ५३ को देहायको कसुर गर्नेलाई सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले देहायबमोजिम सजाय गर्न सक्नेछः-

(क) खण्ड (ञ) वा (ट) बमोजिमको कसुर गर्नेलाई दश हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिबाना वा पन्ध्र दिनदेखि तीन महिनासम्म कैद वा दुवै सजाय,

(ख) खण्ड (ड) बमोजिमको कसुर गर्नेलाई पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय,

(ग) खण्ड (ध) बमोजिमको कसुर गर्नेलाई पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय।

(३) उपदफा (१) बमोजिमको जरिबाना गर्दा स्थानीय तहले अधिकार प्रदान गरेको अधिकारीले तत्काल जरिबाना गरी सोको रसिद दिनेछ।

**५५.** **मुद्दा सरकारवादी हुने** : दफा ५३ को खण्ड (ञ), (ट), (ड) वा (ध) बमोजिमको कसुर सम्बन्धी मुद्दा नेपाल सरकारवादी हुनेछ र त्यस्तो कसुर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

**५६.** **पुनरावेदन** : यस ऐनबमोजिम प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-१२
## फोहोरमैला व्यवस्थापन सम्बन्धी विशेष व्यवस्था

**५७.** **हरित सार्वजनिक खरिद** : सरकारी निकायले वस्तु, सेवा तथा निर्माण कार्यको खरिद गर्दा पुनः प्रयोगयोग्य, पुनः प्रशोधित तथा वातावरणमैत्री सामग्रीलाई प्राथमिकता दिनु पर्नेछ।

**५८.** **सङ्क्रमणकालीन व्यवस्थापन** : (१) यस ऐनबमोजिम फोहोरमैला व्यवस्थापनको लागि अनुमतिपत्र प्राप्त संस्था र सम्बन्धित स्थानीय तहबीचको सम्झौताको अवधि समाप्त भई नवीकरण वा नयाँ सम्झौता सम्पन्न नभएसम्म फोहोरमैला व्यवस्थापनसम्बन्धी सेवा अवरूद्ध हुन नदिन सम्बन्धित निकायले साविकको सेवा प्रदायकबाट अधिकतम छ महिनासम्म साविककै शर्त, मापदण्ड र दररेटमा सेवा सञ्चालन गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम थप गरिएको अवधिभित्र नयाँ सम्झौता सम्पन्न गर्नु सम्बन्धित निकायको दायित्व हुनेछ।

५९. **<u>शून्य फोहोर क्षेत्र घोषणा गर्न सकिने</u>** : नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले तोकिए बमोजिमका मापदण्ड पूरा गरेका बस्ती, वडा, विद्यालय, औद्योगिक क्षेत्र वा पर्यटन क्षेत्रलाई शून्य फोहोर क्षेत्र घोषणा गर्न सक्नेछ र त्यसरी घोषणा भएको क्षेत्रलाई विशेष प्रोत्साहन उपलब्ध गराउन सकिनेछ।

६०. **<u>मेला महोत्सव वा सम्मेलनका लागि मापदण्ड पालना गर्नुपर्ने</u>** : सार्वजनिक मेला, महोत्सव, सम्मेलन वा अन्य ठूलो कार्यक्रम सञ्चालन गर्न सम्बन्धित आयोजकले स्थानीय तह समक्ष फोहोरमैला व्यवस्थापन योजना पेश गर्नुपर्नेछ र त्यस्तो योजना सन्तोषजनक देखिएको र तोकिए बमोजिमका मापदण्ड पालना भएको देखिएमा त्यस्तो कार्यक्रम सञ्चालन गर्न अनुमति प्राप्त गर्नेछ।

६१. **<u>पूर्वाधार तथा स्रोतमा फोहोरमैला वर्गीकरण गर्नुपर्ने</u>** : नयाँ सरकारी भवन, औद्योगिक क्षेत्र, आवासीय आयोजना, बसपार्क, विमानस्थल, व्यापारिक केन्द्र तथा ठूला सार्वजनिक संरचनाको स्वीकृति लिनु अघि फोहोरमैला व्यवस्थापन पूर्वाधार तथा फोहोरमैलाको स्रोतमा नै वर्गीकरणको व्यवस्था गर्नु पर्नेछ।

## परिच्छेद-१३
## <u>विविध</u>

६२. **<u>नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्ने</u>** : कुनै स्थानीय तहले विदेशी व्यक्ति, सङ्घ, संस्था वा दातृ निकायबाट सहयोग लिई फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै कार्यक्रम सञ्चालन गर्ने भएमा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

६३. **<u>सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनु पर्ने</u>** : (१) फोहोरमैला व्यवस्थापन गर्ने निकाय वा संस्थाले त्यस्तो कार्यमा संलग्न जनशक्तिलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराई स्वास्थ्य बीमा कार्यक्रममा समेत समावेश गर्नु पर्नेछ।

(२) फोहोरमैला व्यवस्थापन गर्ने निकाय वा संस्थाले त्यस्तो कार्यमा संलग्न जनशक्तिले फोहोरमैला व्यवस्थापन गर्दा सुरक्षित पोसाक (पि.पि.इ.) वा प्रयोग गर्ने उपयुक्त सामग्री, औजार तथा उपकरण उपलब्ध गराई सम्बन्धित क्षेत्रमा तालिम तथा पेशागत स्वास्थ्य सुरक्षाको व्यवस्था गर्नु पर्नेछ।

६४. **<u>सामाजिक उत्तरदायित्व र सचेतना अभिवृद्धि</u>** : (१) घरायसी फोहोरमैला बाहेकका अन्य फोहोरमैला उत्सर्जन गर्ने संस्थाले आय आर्जन गरेको रकमबाट फोहोरमैला व्यवस्थापन वा सचेतना अभिवृद्धि गर्ने वा वातावरण प्रदूषण नियन्त्रण वा न्यूनीकरण गर्ने कार्यमा खर्च गरी सामाजिक उत्तरदायित्व बहन गर्नु पर्नेछ।

(२) स्थानीय तहले फोहोरमैला सम्बन्धी विषयलाई विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश गर्ने व्यवस्था मिलाई सामाजिक सचेतना अभिवृद्धि गर्नु पर्नेछ।

६५. **प्रोत्साहन तथा पुरस्कार** : (१) नेपाल सरकार वा प्रदेश सरकारले फोहोरमैला व्यवस्थापनको लागि तोकेको कार्यसम्पादन सूचक मापनको आधारमा उत्कृष्ट कार्यसम्पादन गर्ने सम्बन्धित स्थानीय तह वा स्थानीय तहबाट अनुमतिपत्र प्राप्त, संस्था वा कम्पनीलाई प्रोत्साहन प्रदान गर्न सक्नेछ।

(२) स्थानीय तहले फोहोरमैला व्यवस्थापनका लागि नवीनतम उपयोगी प्रविधि वा अवधारणाको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहोरमैला व्यवस्थापन कार्यमा उल्लेखनीय योगदान गर्ने व्यक्ति वा संस्था कम्पनीलाई सम्मान स्वरूप पुरस्कार दिन सक्नेछ।

(३) यस ऐनको प्रतिकूल हुनेगरी जथाभावी फोहोरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्ति उपर प्रमाणसहित उजुरी दिने व्यक्तिलाई सम्बन्धित स्थानीय तहले सम्मान वा नगद पुरस्कार दिन सक्नेछ।

६६. **प्रचलित कानूनबमोजिम हुने** : फोहोरमैला व्यवस्थापन सम्बन्धी विषयमा कुनै प्रचलित कानूनमा छुट्टै व्यवस्था रहेको भए सोहीबमोजिम हुनेछ।

६७. **नियम बनाउनसक्ने** : यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

६८. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने** : (१) नेपाल सरकारले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावलीको अधीनमा रही देहायका विषयमा निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ :-

(क) हानिकारक, रासायनिक, पारोयुक्त औद्योगिक, तेजावजन्य, प्लास्टिकजन्य, स्वास्थ्यसंस्थाजन्य, विद्युतीय, निर्माणजन्य फोहोरमैला, घरायसी फोहोरमैला व्यवस्थापन सम्बन्धी,

(ख) फोहोरमैला व्यवस्थापनमा प्रयोग हुने मालसामान, डस्टबिन, उपकरण, विधि, संरचना सम्बन्धी,

(ग) फोहोरमैला स्थानान्तरण केन्द्र, फोहोरमैला प्रशोधन केन्द्र र स्यानिटरी ल्याण्डफिल साइट सम्बन्धी,

(घ) उत्पादकको विस्तारित जिम्मेवारी, चक्रीय अर्थतन्त्र सम्बन्धी, र

(ङ) नेपाल सरकारले आवश्यक देखेका अन्य विषय।

(२) उपदफा (१) बमोजिम बनाएको मापदण्डको अधीनमा रही प्रदेश वा स्थानीय तहले आवश्कताअनुसार थप मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्न वा गराउन सक्नेछन्।

६९. <u>**खारेजी र बचाउ**</u> : (१) फोहरमैला व्यवस्थापन ऐन, २०६८ खारेज गरिएको छ।

(२) फोहरमैला व्यवस्थापन ऐन, २०६८ बमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ।